# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १०८ | काठमाडौं | आइतबार, २४ साउन २०८३ | Prabhab National Daily | Sunday, 09 August 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रु. ५ |-

## अस्तित्व संकटमा परेका आठ दलले बनाए 'अग्रगामी मोर्चा'



- पहिचानवादी तथा मधेसकेन्द्रित शक्तिहरु मोर्चाबन्दीमा
- अग्रगामी मोर्चा सत्ता प्राप्ति र सरकारको विरोधका लागिमात्रै नभएको दाबी
- देशलाई आर्थिक, सामाजिक र राजनीतिक संकटबाट निकास दिन मोर्चाबन्दी आवश्यक भएको भनाइ
- मुलुकमा सर्वसत्तावाद र अधिनायकवाद मौलाएको टिप्पणी

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत वर्षको प्रतिनिधिसभा निर्वाचनमा अनपेक्षित परिणाम बेहोरेपछि अस्तित्व संकटमा परेका पहिचानवादी तथा मधेसकेन्द्रित शक्तिहरूले शनिबार 'अग्रगामी मोर्चा' गठन गरेका छन् । मोर्चामा जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, आम जनता पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी र खम्बुवान राष्ट्रिय मोर्चा सहभागी छन् ।

राजनीतिक शक्ति विस्तारभन्दा पनि अस्तित्व जोगाउने प्रयासका रूपमा मोर्चा गठन गरेको देखिन्छ । मोर्चामा आबद्ध दलका नेताहरू नेपाली राजनीतिमा नयाँ नाम होइनन् । मोर्चा घोषणा समारोहलाई सम्बोधन गर्दै जसपा अध्यक्ष उपेन्द्र यादवले राज्यका शक्तिहरू एकै ठाउँमा केन्द्रित हुँदा मुलुकमा सर्वसत्तावाद र अधिनायकवाद मौलाएको टिप्पणी गरेका छन् । उनले वर्तमान राजनीतिक अवस्था र राज्य सञ्चालन पद्धतिप्रति गम्भीर चिन्ता व्यक्त गरे ।

अध्यक्ष यादवले संवैधानिक निकाय र मन्त्रालयहरू स्वतन्त्र रूपमा काम गर्न नसकी निष्प्रभावी भएको दाबी पनि गरे । विगतका जनआन्दोलन, मधेस जनविद्रोह तथा आदिवासी जनजाति र थारूलगायतका आन्दोलनबाट प्राप्त संघीयता, समावेशिता, लोकतन्त्र, गणतन्त्र र धर्मनिरपेक्षता जस्ता उपलब्धिहरूमाथि राज्यकै तर्फबाट प्रहार भइरहेको उनको आरोप छ । क्रमशः पृष्ठ २ मा

# दुईतिहाइको सत्तामा 'एक्लिँदै' प्रधानमन्त्री

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाह झण्डै दुईतिहाइ बहुमतको शक्तिशाली सरकारको नेतृत्व गरिरहे पनि उनी एक्लिँदै गएको स्वयंले खुलाएका छन् । प्रतिनिधिसभा बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कै सांसदहरू प्रतिपक्षी दलका सांसदहरू जसरी सरकारको आलोचनामा उत्रिन थालेका र पार्टीकै महामन्त्री विपिनकुमार आचार्यले उत्तीर्णांक ४० राख्ने हो भने वालेन्द्र सरकार असफल भएको कडा टिप्पणी गरेपछि प्रधानमन्त्री शाहले आफू एक्लिएको भावसहित चिन्ता प्रकट गरेका हुन् ।

फेरि, वालेन्द्र सरकारमाथि पछिल्ला दिनमा जे जति प्रश्न जनता र प्रतिपक्षबाट उठेका छन्, रास्वपा सभापति रवि लामिछाने र उनीनिकट सांसदहरूले डटेर प्रतिरक्षा गर्न छाडेका छन् । यस्तोमा शुक्रबार मध्यरात हुनै लाग्दा फेसबुकमा प्रधानमन्त्री शाहले आफू एक्लो भएको अर्थ लाग्नेगरी स्टाटस पोस्ट गरेका हुन् । यो आफ्नै दल रास्वपा र ती दलका सांसदहरूप्रति लक्षित रहेको आकलन र व्याख्या भइरहेका छन् ।

हुन पनि शुक्रबार मनिष झा, रमेश प्रसाईं, टीका संग्रौलालगायत रास्वपाकै सांसदहरूले संसद्मा सरकारको कामबारे गम्भीर प्रश्न गरेका थिए । पार्टीकै सांसद डा. अमरेशकुमार सिंह विगतदेखि वालेन्द्र सरकारको खरो आलोचक छन् । सांसद पुरुषोत्तम यादव होस् वा जगदीश खरेल (दोलखा) वालेन्द्र सरकारको कडा आलोचक हुन् ।



> केही समय लाग्छ, सही समय आउनलाई । ढिला होला तर गलत हुँदैन । नआत्तिनुहोस् । सुनेको र देखेकोभन्दा वास्तविकता कहिलेकाहीँ फरक हुन सक्छ । कहिलेकाहीँ एक्लै लड्नुपर्छ । यो पहिलोचोटि होइन ।
>
> ■ **वालेन्द्र शाह**
> प्रधानमन्त्री

> परिवर्तनका लागि यो महान् जनादेश पाएको सरकारमा कोही एक्लो छैन । हामी सबै साथमा छौं । नियत र आशयमा शंका छैन तर सुधार गर्नै पर्ने केही पक्ष छन् ।
>
> ■ **मनिष झा**
> सांसद, रास्वपा

शुक्रबार राति प्रधानमन्त्री शाहले सामाजिक सञ्जाल फेसबुकमा लेखे, 'केही समय लाग्छ, सही समय आउनलाई । ढिला होला तर गलत हुँदैन । नआत्तिनुहोस् । सुनेको र देखेकोभन्दा वास्तविकता कहिलेकाहीँ फरक हुन सक्छ । कहिलेकाहीँ एक्लै लड्नुपर्छ । यो पहिलोचोटि होइन ।'

यसअघि सुकुमबासीलाई जबर्जस्ती विस्थापित गरेपछि रास्वपाका प्रमुख सचेतक प्रदीपचन्द्र परियार र सचेतक क्रान्तिशिखा धितालले सरकारको विरोध गरेका थिए । त्यसबेला पनि प्रधानमन्त्री शाहले सुकुमबासी नागरिकलाई आश्वास्त पार्नेगरी लेखेका थिए, 'ढुक्क हुनुहोस् ।'

तर, वालेन्द्र सरकार एकपछि अर्को विवादमा तानिएको छ । सार्वजनिक सेवा प्रवाह पूरै भद्रगोल छ । राहदानी लिन युवायुवतीको राहदानी विभागमा दिनहुँ लामो लाइन हुने गरेको छ । साल्ट ट्रेडिङका कार्यालयहरूमा ग्यास लिनेहरूको लाइन झण्डै दुई सातादेखि छ । बजारमा ग्यास हाहाकार कायमै छ । सरकारी अस्पतालहरूमा लाइन उस्तै छ । जबकि, वालेन्द्र सरकारले सार्वजनिक सेवाबारे भनेको थियो- नो लाइन, अनलाइन । तर, अहिले त्यस्तो छैन ।

किसानले अझै मल पाएका छैनन् । सहकारीपीडितहरूले न्याय पाएका छैनन् । लघुवित्तपीडितहरू आन्दोलनमै छन् । शिक्षकहरू आन्दोलनको सुरमा छन् । विस्थापित सुकुमबासीहरू पनि आन्दोलनको तयारीमा छन् ।

नेकपा एमालेले सडक संघर्ष गर्ने महासचिव शंकर पोखरेलले बताइसकेका छन् । पछिल्लो एक महिनामा कम्तीमा आठ जनाले आत्मदाह गरे ।

क्रमशः पृष्ठ २ मा

## 'सरकार र पार्टीभित्र गडबडीको हल्ला अफवाहमात्रै'



**काठमाडौं (प्रस)–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले पार्टीका वरिष्ठ नेता एवं प्रधानमन्त्री वालेन्द्र शाहसँग सम्बन्ध चिसिएको हल्लामा सत्यता नभएको बताएका छन् ।

रास्वपा सांसदहरू नै सरकारको आलोचनामा उत्रिएपछि प्रधानमन्त्री शाहले शुक्रबार राति फेसबुकबाट 'कहिलेकाहीँ एक्लै लड्नुपर्छ' भन्ने अभिव्यक्ति सार्वजनिक भएपछि रास्वपा र सरकारबीचको दूरी झन् बढेको चर्चा भइरहेको बेला सभापति लामिछानेको उक्त अभिव्यक्ति आएको हो । लामिछानेले शनिबार साँझ यहाँ आयोजित एक कार्यक्रममा बोल्दै सरकार र आफ्नो पार्टीभित्र केही गडबड भयो भन्दै भएका हल्लाहरू अफवाहमात्रै रहेको दाबी गरे ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## साउदीमा कार्यरत विदेशी कामदारले रोजगार परिवर्तन गर्न पाउने



■ प्रभाव संवाददाता

**काठमाडौं–** साउदी अरेबियामा कार्यरत विदेशी कामदारहरूले रोजगार परिवर्तन गर्न पाउने भएका छन् । त्यहाँको मानव स्रोत र सामाजिक विकास मन्त्रालयले सुरु गरेको नयाँ विद्युतीय सेवाअनुसार श्रमिकहरू निजी क्षेत्रका संस्थाबाट व्यक्तिगत रोजगारदाताकोमा स्थानान्तरण हुन पाउने भएका हुन् । तर यसका लागि विशेष योग्यता आवश्यक पर्ने जनाइएको छ ।

गल्फ न्युजका अनुसार सेवा लिनका लागि विदेशी कामदारसँग वैध 'वर्क परमिट' (काम गर्ने अनुमति) आवश्यक पर्ने छ । तर शिक्षा, प्राविधिक, स्वास्थ्य सेवा, विशेषज्ञलगायत उच्च दक्ष पेसामा कार्यरतहरूका लागि भने यो नियम लागू नहुने समाचारमा उल्लेख छ । त्यससैगरी, पूर्णरूपमा साउदीकरण गरिएका पेसाका कामदार पनि स्थानान्तरण सुविधाबाट बाहिर राखिएका छन् । साउदीकरण गरिएका पेसाहरू साउदीका नागरिकका लागिमात्र छुटयाइएका उच्च तहका पेसाहरू हुन् । घरेलु पेसाको वर्गमा पर्ने काममा ट्रान्सफर हुन मिल्ने छ ।

कामदार ल्याउन चाहने आवेदनकर्ताले केही कागजहरू विद्युतीय माध्यमबाट प्रदान गर्नुपर्ने छ । जसमा कामदारले हाल कार्यरत रोजगारदाताबाट काम छोडेको प्रमाणपत्र लिनुपर्ने छ र त्यसलाई सम्बन्धित चेम्बर अफ कमर्सले प्रमाणित गरेको हुनपर्ने समाचारमा भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

## जापानमा विदेशी श्रमिकको बसाइ अवधि पाँच वर्ष पुऱ्याउने तयारी

**काठमाडौं (प्रस)–** जापान सरकारले निश्चित सीपयुक्त श्रमिक (स्पेसिफाइड स्किल्ड वर्कर)को 'टाइप-२' अन्तर्गत काम गर्ने विदेशी श्रमिकको अधिकतम बसाइ अवधि पाँच वर्ष पुऱ्याउने तयारी गरेको छ । हाल यस्तो श्रमिकलाई अधिकतम तीन वर्षसम्मको बसाइ अनुमति दिइँदै आएको छ ।

जापानको अध्यागमन सेवा निकायले आगामी जनवरीदेखि लागू गर्ने प्रस्तावसहित अगस्ट ४ मा मन्त्रीस्तरीय नियमावलीको मस्यौदा सार्वजनिक गरेको जापानी सञ्चारमाध्यम माइग्रेन्ट टाइम्सले जनाएको छ । उक्त व्यवस्थामाथि सर्वसाधारणबाट सुझावसमेत मागिएको समाचारमा भनिएको छ ।

हाल टाइप-२ स्पेसिफाइड स्किल्ड वर्करलाई रोजगारीको स्थायित्व, निरन्तरता तथा अन्य परिस्थितिका आधारमा छ महिनादेखि तीन वर्षसम्मको बसाइ अनुमति दिइँदै आएको छ । लामो अवधिको अनुमति लिने श्रमिकको रोजगारीको अभिलेख, कर भुक्तानीको अवस्थालगायतको परीक्षण हुँदै आएको छ ।

प्रस्तावित व्यवस्थाअनुसार टाइप-२ श्रमिकले पाँच वर्षसम्म बस्न पाउने छन् । यसले टाइप-२ श्रमिकको बसाइ अवधिलाई अन्य क्षेत्रका श्रमिककोसरह बनाउने छ । जापानमा नर्सिङ केयरलगायत क्षेत्रमा काम गर्ने विदेशी श्रमिकका लागि यसअघि नै पाँच वर्षसम्म बस्न पाउने व्यवस्था गरिएको छ ।

नयाँ बसाइ अवधिका लागि आवश्यक मापदण्ड भने पछि तय गरिने भएको छ । यो मापदण्ड कार्यान्वयनमा आए कामदारहरू स्थायी बसोबासका लागिसमेत योग्य हुने सम्भावना रहेको जनाइएको छ ।

**बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं**

- बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- शंकास्पद लिंक, सन्देश र सामाग्रीबाट टाढा रहन प्रेरित गरौं,
- इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

**प्रविधिको सही प्रयोगमार्फत् बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
नि: सन्तानपन सम्बन्धी उपचार

HARDIK IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

# खुला सिमानाका कारण ५०० भन्दा बढी रोहिंग्या नेपाल प्रवेश

**काठमाडौं (प्रस)**– खुला सिमाना र प्रविधियुक्त सुरक्षा निगरानीसम्बन्धी व्यवस्था नहुँदा ५०० भन्दा बढी रोहिंग्या शरणार्थी नेपाल प्रवेश गरेको पाइएको छ ।

विभिन्न समयमा नेपाल-भारत सीमानाका हुँदै ती रोहिंग्या शरणार्थी अवैधरूपमा नेपाल प्रवेश गरेको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिए । प्रहरीका अनुसार हालसम्म ५२६ जना रोहिंग्या नेपालमा रहेका छन् । जसमा १६२ पुरुष, १४८ महिला र २१६ बालबालिका छन् । उनीहरू काठमाडौंको कपन, लसुनटार र राममन्दिर तथा ललितपुरको सुनाकोठी क्षेत्रमा बसोबास गरिरहेको प्रहरीले जनाएको छ ।

प्रहरी नायब महानिरीक्षक काफ्लेले सीमा क्षेत्रका प्रहरीलाई यस्ता व्यक्तिको अवैध प्रवेश रोक्न निर्देशन दिइएको बताए । 'खुला सिमाना तथा प्रविधियुक्त सुरक्षा निगरानीको व्यवस्था नहुँदा उस्तै हुलिया भएकाले पहिचानमा समस्या भएको छ,' प्रहरी प्रधान कार्यालयमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'विदेशी नागरिक अवैधरूपमा नेपाल प्रवेश रोक्न विशेष निगरानी बढाइएको छ ।'

प्राकृतिक विपद्बाट हुनसक्ने क्षति न्यूनीकरणका लागि प्रहरीलाई उच्च सतर्कताको अवस्थामा राखिएको जानकारी दिए । केन्द्र, उपत्यका, प्रदेश, जिल्ला र स्थानीय तहसम्म प्रहरीलाई उपकरणसहित तयारी अवस्थामा राखिएको छ ।

विपद् पूर्वतयारी र प्रतिकार्यका लागि करिब १० हजारभन्दा बढी प्रहरीलाई तयारी अवस्थामा राखिएको जानकारी दिए । 'केन्द्रस्तरको विपद् प्रतिकार्य तालिम केन्द्र, प्रदेशस्तरका विपद् व्यवस्थापन गुल्म र इलाका प्रहरीस्तरसम्म 'स्टाण्डबाइ' राखेका छौं,' उनले भने । विपद्का कारण प्रभावित हुने सेवा जतिसक्दो चाँडो सञ्चालनमा ल्याउन सरोकारवाला निकायसँग समन्वय गरी काम भइरहेको स्पष्ट पारे ।

# पशुपति क्षेत्रमा गरियो पाँचौं हप्ताको सफाइ

**काठमाडौं–** पशुपति क्षेत्रमा साउनको चौथो सोमबारको तयारीस्वरूप सफाइ गरिएको छ । पशुपति क्षेत्र विकास कोषले साउनको सोमबारको तयारीस्वरूप विगत पाँच हप्ताअघिको शनिबारदेखि सफाइ अभियान सुरु गरेको हो ।

सफाइको पाँचौं साता शनिबार पनि पशुपति क्षेत्रका विभिन्न स्थानमा सफाइ गरिएको कोष सञ्चालक परिषद् सदस्यसमेत रहेका स्थानीयवासी एव पशुपतिका भण्डारी केदारमान भण्डारीले जानकारी दिए ।

पाँचौं हप्ताको शनिबारको सफाइका क्रममा दर्शनका लागि भक्तजन लाम बस्ने चारै ढोकाअघिको क्षेत्र एवं मूल ढोका प्रवेश मार्ग क्षेत्रमा पनि सफाइ गरिएको उनले बताए । भुवनेश्वरी मन्दिरअघिबाट सुरु भएको सफाइ इट्टापाखा, जयवागेश्वरी, सुन्धारा, भण्डारखाललगायत क्षेत्रमा सफाइ गरिएको छ । सौरमासअनुसार साउनको अन्तिम सोमबार भक्तजन धेरै हुने भएकाले मन्दिरको सुरक्षा संयन्त्र कडाइ गर्न लागिएको छ । यही साउन २५ गते सोमबार बोल बम यात्रा पनि धेरै भएकाले पशुपति क्षेत्रमा विशेष व्यवस्था गरिएको कोषले जनाएको छ । बोल बम यात्रीलाई वासुकितिरबाट प्रवेश गराएर मूल मन्दिरको उत्तरढोकाबाट जल चढाउने व्यवस्था मिलाइएको पनि परिषद् सदस्य भण्डारीले बताए ।

सफाइमा तीन वटै सुरक्षा निकायका अधिकारीहरू कोषका सदस्यसचिव तीर्थ श्रेष्ठ, कोषाध्यक्ष मीनाकुमारी श्रेष्ठलगायत कोष सञ्चालक परिषद् सदस्यहरू, कोषका कर्मचारी, स्थानीय संघसंस्थालगायत स्थानीयवासीको पनि सक्रिय सहभागिता रहेको पनि उनले सुनाए । प्रहरी पहरा गणलगायत सुरक्षा निकायको पनि सफाइमा सहभागिता रहेको थियो । विश्व सम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्रलाई सफा राख्न चेतना जगाउने उद्देश्यले सफाइ अभियान सुरु गरिएको हो ।

यो वर्ष साउन महिनामा चार वटा सोमबार परेको छ । पहिलो, दोस्रो र तेस्रो सोमबार साउन ४, ११ र १८ गते सम्पन्न भइसकेको छ । यसैगरी, साउनको २५ गतेको तयारी अहिले भइरहेको छ । सौरमासअनुसार बाँकी एउटा सोमबार भक्तजनलाई सहजरूपमा पशुपतिनाथ मन्दिरभित्र पूजा, आराधना एवं दर्शन गराउने उद्देश्यले यो सफाइ गरिएको हो ।

चन्द्रमासअनुसार भने साउन १८ गतेको सोमबार पहिलो थियो । चन्द्रमासअनुसार साउन २५ गते दोस्रो सोमबार र त्यसपछिका दुई वटा सोमबार पनि पशुपतिनाथ मन्दिरमा भक्तजनको लाम लाग्ने गर्छ । कतिपय भक्तजनले भने चन्द्रमासअनुसार साउन लागेपछि मात्र पशुपतिनाथलगायत शिवालयमा पूजा, आराधना एवं दर्शन गर्ने परम्परा रहेको बताएका छन् ।

यस वर्ष असार अन्तिम साता अस्त भएको बृहस्पति साउन २६ गते उदय हुने नेपाल पञ्चांग निर्णायक विकास समितिले जनाएको छ । त्यसैले चन्द्रमास अनुसारका बाँकी दुई सोमबार पशुपतिनाथ मन्दिरमा भक्तजनको लाम लाग्ने भएकाले त्यसैअनुसार तयारी गरिएको जनाइएको छ । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### दुईतिहाइको सत्तामा..

नातावादको विरोध गर्ने वालेन्द्र सरकारले नाता र पार्टीसँग आबद्धहरूलाई धमाधम राजनीतिक नियुक्ति दिलाए ।

तराई मधेसमा यही साउन दोस्रो साता भएको धार्मिक तनावमा रास्वपाकै नेता कार्यकर्ता सभापति रवि लामिछानेसँग संवादमा बसेको र संयुक्त विश्व हिन्दू एकता समाजको नाममा गृहमन्त्री सुधन गुरुङलाई मागपत्र बुझाउने देखिएपछि राज्य प्रायोजित धार्मिक तनाव भनेर कतिपयले टिप्पणी गरे । यस्तोमा रास्वपा सभापति लामिछाने निकटका नेताहरू बचाउमा उत्रिएनन् ।

यसबाहेक १७ जेठमा प्रधानमन्त्री शाहले 'नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ' भनेपछि उनको यो अभिव्यक्तिको बचाउमा रास्वपा सांसदहरू उत्रिएका छैनन् । जबकि, प्रतिनिधिसभा बैठक सुरु भएलगत्तै दिनहुँ प्रतिपक्षी सांसदहरूले प्रधानमन्त्री वालेन्द्रले क्षमा माग्नुपर्ने र सभामुखले संसदको रेडर्कबाट हटाउनुपर्ने माग गर्छन् । वालेन्द्र सरकारप्रति जति प्रश्न उठ्छन्, यसप्रति जवाफदेही सभापति लामिछाने र अन्य नेताहरू छैनन् ।

यस्तोमा उनले लेखे, '...कहिलेकाहीँ एक्लै लड्नुपर्छ । यो पहिलोचोटि होइन ।'

प्रधानमन्त्री शाहको यस्तो अभिव्यक्तिपछि शनिबार रास्वपा महामन्त्री आचार्यले एक्लैले देश बनाउन नसकिने भन्दै जवाफ फर्काएका छन् । उनले भैरहवा पुगेर भने, 'हामी त्यो सभ्यताको व्यक्ति हो, रत्नाकरलाई वाल्मिकी बनाउने त हाम्रो समाज हो नि त, त्यो कहीँ पुरानाबाट गलत व्यक्ति आएछन् भने पनि रास्वपाका साथीहरूले हेर्नुहोला, सबै जना मिलेर यो देश बनाउने हो ।'

प्रधानमन्त्री वालेन्द्रनिकट रास्वपा सांसद गणेश कार्कीले भने प्रधानमन्त्रीको पोस्टलाई राजनीतिक अर्थ लगाउनुपर्ने विषय नभएको बताए । 'उहाँ कविता पनि लेखिरहने मान्छे हो । यो राजनीतिक अर्थ लगाउनुपर्ने गहन विषय नै केही होइन,' उनले प्रभावसँग भने ।

तर, पार्टीभित्रको पछिल्लो गतिविधिले भने सांसद कार्कीको दाबीलाई खण्डित गर्छ । अर्थात् सांसद कार्कीको जवाफलाई सहजै पत्याउने अवस्था देखिँदैन । प्रधानमन्त्रीको पोस्टको भोलिपल्ट शनिबार रास्वपा सांसद झाले सामाजिक सञ्जालबाट जवाफ दिए । 'परिवर्तनका लागि यो महान् जनादेश पाएको सरकारमा कोही एक्लो छैन । हामी सबै साथमा छौं,' उनले लेखे ।

तर, उनले सरकारका केही पक्षमा सुधार आवश्यक रहेको पनि बताए । 'नियत र आशयमा शंका छैन तर सुधार गर्नै पर्ने केही पक्ष छन्,' उनले थप लेखेका छन् ।

झाको यो प्रतिक्रियालाई पनि पार्टीभित्रको असन्तुष्टिको संकेतका रूपमा हेरिएको छ । हुन पनि रास्वपा सभापति लामिछाने र प्रधानमन्त्री शाहबीचको सम्बन्ध पछिल्ला दिनमा ठीकठाक देखिँदैन । जुन तराई-मधेसमा भएको हालैको धार्मिक तनावमा प्रकट भयो ।

१० साउनको रातिदेखि तनाव हुँदा पनि प्रधानमन्त्री शाह १४ गते साँझसम्म मौन रहे । जबकि, प्रधानमन्त्रीले तनाव मत्थर गर्न सम्बोधन गर्नुपर्ने आवाज उठ्यो । यस्तोमा रास्वपा सभापति लामिछानेले सर्वदलीय बैठक बोलाए । राष्ट्रपति रामचन्द्र पौडेलसँग संवाद गरे । धार्मिक अगुवाहरूसँग छलफलमा बसे । तराई-मधेसका सांसदहरूसँग बैठक बसे । धार्मिक तनाव मत्थर गर्न भूमिका निर्वाह गरे । यसलाई लिएर कतिपयले लामिछानेले सत्ताबाहिरबाटै प्रधानमन्त्रीको जिम्मेवारी बहन गरेको चर्चा चल्यो । यसपछि मात्रै प्रधानमन्त्री शाहले देशवासीको नाममा सम्बोधन गरे । गृहमन्त्री सुधन गुरुङलाई तनावग्रस्त क्षेत्रमा पठाए । अन्ततः तनाव अन्त्य भएको छ ।

उसो त यसअघि प्रधानमन्त्री शाहले मन्त्रिपरिषद् पुनर्गठन गर्न चाहेको चर्चा चलेको थियो । अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, कानुनमन्त्री सोविता गौतमलगायतलाई हटाउने भन्दै सभापति लामिछानेसँग उनकै निवास बूढानीलकण्ठमा २८ असारमा संवाद गरेका थिए । त्यसको दुई दिनपछि लामिछाने र वाग्लेबीच काभ्रेको एक होटलमा लामो संवाद भयो । यी परिघटनाहरूले रास्वपामा सभापति लामिछाने र प्रधानमन्त्री शाहबीचको सम्बन्ध ठीकठाक छैन भन्ने देखाउने विश्लेषकहरू बताउँछन् ।

■■■

### अस्तित्व संकटमा...

'निर्णय प्रक्रिया र शक्तिको केन्द्रीकरण एकै ठाउँमा हुनु सर्वसत्तावादको परिचायक हो । यस्तो प्रवृत्तिले अन्ततः अधिनायकवादलाई जन्म दिन्छ र लोकतान्त्रिक मूल्य-मान्यतालाई समाप्त पार्छ,' उनले भने ।

जसपा नेपालका संरक्षक महन्थ ठाकुरले राजनीति सहज बाटोबाट अघि बढ्ने विषय नभएको बताएका छन् । सत्ता र नेतृत्वमा पुग्नका लागि राजनीतिमा अनेक गतिविधि हुने गरेको उनले बताए । राजनीतिलाई 'डर्टी गेम'को संज्ञा दिँदै उनले सत्ता प्राप्तिका लागि अष्टावक्रझैं 'टेढा-मेढा बाटो' पार गर्नुपर्ने बताए ।

'राजनीतिमा जो कोही पनि सधैं सहज र सरल बाटोबाट अगाडि बढ्न सक्दैन । राजनीति आफैंमा एउटा डर्टी गेम हो, यसमा अष्टावक्रझैं टेढा-मेढा बाटाहरू पार गर्दै अनेकौं चुनौती र कठिनाइको सामना गर्दै सत्ता र नेतृत्वसम्म पुग्नुपर्ने अवस्था आउँछ,' उनले भने ।

जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले विभिन्न राजनीतिक दल र समूह मिलेर गठन गरिएको अग्रगामी मोर्चा सत्ता प्राप्तिका लागि नभएको बताएका छन् । राउतले संविधानवाद, संघीय लोकतान्त्रिक गणतन्त्र र प्राप्त राजनीतिक उपलब्धिको रक्षाका लागि मोर्चा गठन गरिएको बताए ।

पूर्वमन्त्री एवं प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता जनार्दन शर्माले संघीयता, लोकतन्त्र र गणतन्त्रसमेत प्रश्नको घेरामा परेको दाबी गरेका छन् । उनले परराष्ट्र नीतिका सम्बन्धमा नेपालको सार्वभौमसत्ता र राष्ट्रिय हितलाई केन्द्रमा राख्दै छिमेकी मुलुकहरूसँग समानता र पारस्परिक सम्मानका आधारमा सम्बन्ध विस्तार गर्ने नीति लिइएको जिकिर गरे ।

प्रगतिशील लोकतान्त्रिक पार्टीका केन्द्रीय समिति अध्यक्ष सन्तोष परियारले नेपाली राजनीतिमा प्राप्त संघीयता, गणतन्त्र र समावेशिता जस्ता उपलब्धिको रक्षाका लागि 'अग्रगामी मोर्चा'ले सशक्त भूमिका खेल्ने बताए । वर्तमान सरकार जनभावना विपरीत र विचारविहीन भएको उनको टिप्पणी छ । उनले युवाहरूको सपना र आदर्शलाई दक्षिणपन्थी शक्तिहरूले दुरूपयोग गरिरहेको आरोप लगाउँदै ती सपना साकार पार्न नै मोर्चा गठन गरिएको स्पष्ट पारे ।

पूर्वमन्त्री एवं आम जनता पार्टीका अध्यक्ष प्रभु साहले देशलाई आर्थिक, सामाजिक र राजनीतिक संकटबाट निकास दिन नयाँ राजनीतिक मोर्चा गठन गरिएको बताए । उनले ऐतिहासिक जनआन्दोलन, सशस्त्र द्वन्द्व र मधेस आन्दोलनले व्यवस्था बदले पनि जनताको अवस्था परिवर्तन गर्न नसकेको बताए ।

नागरिक उन्मुक्ति पार्टी नेपालका संरक्षक रेशमलाल चौधरीले सरकार चुनावी वाचा पूरा गर्न असफल भएको टिप्पणी गरे । उनले सरकारप्रति कोही पनि सन्तुष्ट बन्न नसकेको बताए । यद्यपि, सरकारको विरोधका लागिमात्रै आफूहरूले मोर्चाबन्दी नगरेको उनको दाबी छ ।

■■■

### सरकार र पार्टीभित्र...

उनले आफ्नो दलको सरकारलाई गन्तव्यमा पुऱ्याएरै छाड्ने प्रतिबद्धता जनाए । 'चिन्ता नगर्नुहोला, यो उडान जसलाई गन्तव्यमा लिएर हिँडेका छौं, कहिलेकाहीँ मौसमले गर्दा टर्बिलेन्स आउन सक्छ, तर हामी गन्तव्यमा सुरक्षित पुऱ्याउँछौं । हामी छौं,' लामिछानेले भने, 'अप्ठेरो पऱ्यो भने त्यसलाई सम्हाल्न सक्ने गार्जियनसिप हाम्रो पार्टीसँग छ ।'

उनले रास्वपा आफ्नो वाचा र प्रतिबद्धताबाट पछि नहट्ने दोहोऱ्याए । 'आज पनि सरकारले वाचा गरेको छ, हामी धेरै मान्छेलाई रोजगारी दिन्छौं । हामीले भनेका भिडियोहरू यत्रतत्र छन् । भनेको समयमा भनेका वाचाहरू पूरा नभएको हुन सक्दछन् । तर हामी हार मान्दैनौं नि । किनभने हामीलाई हार मान्ने छुट नै छैन,' सभापति लामिछानेले भने ।

■■■

### साउदीमा कार्यरत...

आवेदनकर्ताले कामदारलाई रोजगार दिन सक्षम आर्थिक स्थिति पनि देखाउनपर्ने छ । यसका लागि तलब प्रमाणपत्र वा बैंक स्टेटमेन्ट पेस गर्नुपर्ने छ । त्यस्तै, कामदारको औंठाछाप र हस्ताक्षर भएको आवास अनुमतिपत्रको प्रतिलिपि, कामदारले गर्न चाहेको काम र नयाँ नियोक्ताको नाम तथा राष्ट्रिय परिचय नम्बर पनि आवश्यक पर्ने जनाइएको छ ।

आवश्यक कागजातहरू तोकिएको ढाँचामा तीन एमबीभन्दा बढी नहुनेगरी अपलोड गर्नुपर्ने छ । यो नियम घरायसी कामदारका लागि ज्याला संरक्षण गर्ने कार्यक्रमसँगै कार्यान्वयनमा आएको हो । यस कार्यक्रमले आधिकारिक च्यानलबाट मात्र तलब भुक्तानी गर्नुपर्ने भनेको छ । यसले श्रमिकको ज्याला पारदर्शिता सुधार गर्दै घरेलु श्रमबजारको अवस्थालाई बलियो बनाउने विश्वास लिइएको छ ।

साउदी नेपालीहरूको प्रमुख रोजगार गन्तव्य हो । त्यहाँ जाने आधाभन्दा बढी नेपाली श्रमिक अदक्ष र अर्धदक्ष श्रमिकका रूपमा कार्यरत रहेको बताइन्छ । नयाँ सेवाले विदेशी कामदारको भर्ना प्रक्रियालाई नियमन गर्दै पारदर्शिता ल्याउने उद्देश्य राखेको छ । त्यस्तै, औपचारिक डिजिटल प्रणालीले स्थानान्तरण प्रक्रियालाई सरल बनाउने जनाइएको छ ।


**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०८/११ मा दर्ता भएको **प्रा.लि. नं. ४९३०३/०६४/०६५** को **सुशिल सोप एण्ड केमिकल इण्डष्ट्रिज प्रा.लि.** को मिति २०८३/०४/२३ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६०/१२/१८ मा दर्ता भएको **प्रा.लि. नं. २७८०८/०६०/०६१** को **केडिया सामे प्रा.लि.** को मिति २०८३/०४/२३ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३।०२।१२ गते का.जि.का.म.न.पा. वडा नं. १६, सोह्खुट्टे अगाडि सडक खण्ड नजिकैबाट राती २२:३०बजे तिर पल्सर रातो/कालो रङ्गको २२० सी.सी.को मोटरबाइक रातको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलास फिन सर्भ लि.**
**ऋणि : नवराज अधिकारी**
**बाइक नं. : बा.प्र. ०३-०४७ प ८४५१**
**च्यासिस नं. : MD2A13EX3NCH86036**
**इन्जिन नं. : DKXCNM40295**
**ठेगाना : शैलुङ गा.पा-२, दोलखा**
**सम्पर्क नं. : ९८१०२२४५३१**

**टहरा खाली गर्ने सम्वन्धमा ३५ दिने सूचना**

**सूचना प्रकाशित मिति : २०८३/०४/२४**

प्रस्तुत बिषयमा ललितपुर जिल्ला ल.पु.म.न.पा वडा नं. १७ बस्ने चन्द्र किरण महर्जनले मेरो बुबा लक्ष्मीदास महर्जनको नाममा भुमि प्रशासन कार्यालय ल.पु मा दर्ता प्रमाणित भएको ल.पु. जि ल.पु.म.न.पा वडा नं. १७ कि.नं १९ क्षे.फ ०-४-२-३ जग्गामा निर्माण भएको टहरामा वहाल बस्ने आई एमान सिङ्ग रितुङ्गले पसल सन्चालन गर्दै आएकोमा बिगत ४-५ महिना अगाडी देखी पसल बन्द गरि सम्पर्क बिहिन भएकोले उक्त टहरा खाली गर्नको लागी ३५ दिने सूचना जारी गर्नको लागी श्री प्रभाव दैनिक पत्रिकाको नाममा सिफारिस पाऊ भनी दिएको निवेदन अनुसार बुझ्दा व्यहोरा मनासिव बुझिएकोले टहरामा वहाल बस्ने आई एमान सिङ्ग रितुङ्गलाई सम्पर्कमा आउने व्यहोराको ३५ दिने सूचना प्रकाशित गरि दिनु हुन सिफारिस गरिन्छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, २४ साउन, २०८३

| | |
|---|---|
| **मेष** | नयाँ कामको अवसर प्राप्त हुन सक्छ । खर्च नियन्त्रणमा राखे लाभ हुनेछ । |
| **वृष** | परिवारबाट सहयोग मिल्नेछ । आर्थिक पक्ष क्रमशः सुदृढ बन्ने संकेत छ । |
| **मिथुन** | काममा व्यस्तता बढ्नेछ । बोलीमा संयम अपनाउँदा सम्बन्ध राम्रो रहनेछ । |
| **कर्कट** | आत्मविश्वास बढ्नेछ । अध्ययन र सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ । |
| **सिंह** | जिम्मेवारी बढ्न सक्छ । धैर्यका साथ अघि बढ्दा राम्रो परिणाम प्राप्त हुनेछ । |
| **कन्या** | व्यापार र पेशामा प्रगतिको सम्भावना छ । यात्राको अवसर आउन सक्छ । |
| **तुला** | पुराना काम पूरा हुनेछन् । साथीभाइसँगको सहकार्य फलदायी हुनेछ । |
| **वृश्चिक** | निर्णय गर्दा हतार नगर्नुहोस् । स्वास्थ्यमा सामान्य ध्यान दिनु उपयुक्त हुनेछ । |
| **धनु** | नयाँ योजना सुरु गर्न अनुकूल दिन छ । मान-सम्मान बढ्ने सम्भावना छ । |
| **मकर** | कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुन सक्छ । आर्थिक लाभको अवसर मिल्नेछ । |
| **कुम्भ** | सोचअनुसार काम अघि बढ्नेछ । परिवारसँग रमाइलो समय बित्नेछ । |
| **मीन** | धैर्य र विवेकले चुनौती समाधान हुनेछ । नयाँ अवसरले उत्साह थप्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२४ साउन, २०८३ (०९ अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.९० | १५२.५० |
| युरो | १ को | १७५.२६ | १७५.९५ |
| पाउन्ड स्टिर्लङ | १ को | २०४.५७ | २०५.३८ |
| स्विस फ्रैन्क | १ को | १८७.६६ | १८८.४० |
| अस्ट्रेलियन डलर | १ को | १०७.०१ | १०७.४४ |
| क्यानाडियन डलर | १ को | १०७.९९ | १०८.४२ |
| सिङगापुर डलर | १ को | ११८.४७ | ११८.९४ |
| जापानी येन | १० को | ९.६३ | ९.६७ |
| चिनियाँ युआन | १ को | २२.५१ | २२.६० |
| साउदी अरब रियाल | १ को | ४०.४५ | ४०.६० |
| कतारी रियाल | १ को | ४१.६६ | ४१.८३ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.३६ | ४१.५२ |
| मलेसियन रिङेट | १ को | ३७.११ | ३७.२६ |
| दक्षिण कोरियन वन | १०० को | १०.६६ | १०.७० |
| स्विडिस क्रोनर | १ को | १५.९४ | १६.०१ |
| डेनिस क्रोनर | १ को | २३.४५ | २३.५४ |
| हङकङ डलर | १ को | १९.३७ | १९.४४ |
| कुवेती दिनार | १ को | ४९४.६३ | ४९६.५८ |
| बहराइन दिनार | १ को | ४०२.८६ | ४०४.४६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**सडक सफाइ** | काठमाडौंको टोखा नगरपालिकाले हरेक हप्ताको शनिबार गरिने सरसफाइ कार्यक्रमअन्तर्गत टोखा नगरपालिका-९ गोंगबुस्थित विष्णुमती खोला करिडोर सडकमा फोहोर संकलन गर्दै सहभागी । *तस्बिरः रासस*

# उच्च शिक्षाको गुणस्तर अभिवृद्धिका लागि नीतिगत तथा कानुनी सुधारमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** उच्च शिक्षाको गुणस्तर अभिवृद्धिका लागि नीतिगत तथा कानुनी सुधारसँगै विश्वविद्यालयमा संकाय भर्ना, विकास र पदोन्नति प्रणालीलाई पारदर्शी, समावेशी तथा परिणाममुखी बनाउनुपर्ने निष्कर्षसहित दुईदिने नीति कार्यशाला शनिबार सम्पन्न भएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयको आयोजनामा सिंहदरबारस्थित मन्त्रालयमा भएको 'विश्वविद्यालय संकाय भर्ना, विकास र पदोन्नतिः मिसन पंक्तिबद्धता, प्रोत्साहन र प्रभाव' विषयक कार्यशालामा राष्ट्रिय योजना आयोग, विश्वविद्यालय अनुदान आयोग, त्रिभुवन विश्वविद्यालय सेवा आयोग, विभिन्न विश्वविद्यालयका उपकुलपति, शिक्षाविद्, अनुसन्धानकर्ता, नीतिनिर्माता तथा विज्ञहरूको सहभागिता थियो ।



कार्यशालाले योग्य तथा दक्ष जनशक्तिलाई विश्वविद्यालयमा प्रवेश गराउनु विश्वविद्यालय सुधारको महत्त्वपूर्ण आधार भएको निष्कर्ष निकालेको छ । विश्वविद्यालयहरूले आफ्ना नीति तथा कानुनको समयानुकूल समीक्षा गर्दै प्रमाण र तथ्यमा आधारित निर्णय प्रणाली विकास गर्नुपर्नेमा सहभागी वक्ताहरूले जोड दिएका छन् । साथै, 'अनुसन्धान, शिक्षण, नवप्रवर्तन, अन्तर' विषयक सहकार्य तथा सामाजिक उत्तरदायित्वलाई समानरूपमा प्रोत्साहन गर्ने नीति आवश्यक रहेको औंल्याइएको छ । विश्वविद्यालयको ज्ञान उत्पादन, अनुसन्धान तथा सामुदायिक योगदानलाई प्रभावकारी बनाउन विद्यमान भर्ना तथा पदोन्नति प्रणालीको पुनरावलोकन गर्नुपर्नेमा पनि जोड दिइएको छ ।

कार्यशालाको पहिलो सत्रको समापन गर्दै शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालयहरूबीच असल अभ्यासको आदानप्रदान आवश्यक रहेको बताए । उनले शिक्षक तथा कर्मचारी नियुक्ति प्रक्रिया पारदर्शी, निष्पक्ष र समान मापदण्डमा आधारित हुनुपर्नेमा जोड दिँदै विद्यार्थीमैत्री शैक्षिक वातावरण निर्माण र विश्वविद्यालयको सञ्चालन तथा व्यवस्थापनलाई प्रविधिमैत्री बनाउनुपर्ने उल्लेख गरे ।

कार्यशालाको दोस्रो सत्रका समापन गर्दै शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले उच्च शिक्षा सुधारका लागि नीति कार्यशाला महत्त्वपूर्ण रहेको बताए । उनले विश्वविद्यालय र मन्त्रालयबीचको दूरी कम गर्दै नीति निर्माण तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा एकरूपता कायम गर्न कार्यशालाले सहयोग पुग्ने बताए । राष्ट्रिय योजना आयोगकी सदस्य रेशु अर्याल ढुंगानाले उच्च शिक्षा सुधारका लागि नीति कार्यशाला सान्दर्भिक रहेको बताइन् । विश्वविद्यालयका पदाधिकारी तथा नीति निर्माता एकै ठाउँमा बसेर उच्च शिक्षाको राष्ट्रिय रणनीति तय गर्नुपर्ने र युवालाई स्वदेशमै बस्ने वातावरण निर्माण गर्न सबै पक्षले ध्यान दिनुपर्ने उनले बताइन् ।

आयोगका अर्का सदस्य प्रा.डा. सुदन झाले विश्वविद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिसँगै शैक्षिक 'क्यालेण्डर'को प्रभावकारी कार्यान्वयनमा जोड दिए ।

विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. खड्गबहादुर केसीले नीति निर्माण तथा विश्वविद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा कार्यशालाले महत्त्वपूर्ण भूमिका खेल्ने बताए । स्थापित मापदण्डका आधारमा विश्वविद्यालयमा उत्कृष्टता कायम गर्न सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्ने उनको भनाइ थियो ।

त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष किशोर थापाले उच्च शिक्षाको गुणस्तर र नीतिगत सुधारका लागि विश्वविद्यालयहरूले मन्त्रालयसँगको सम्बन्ध थप सुदृढ गर्नुपर्नेमा जोड दिए । शिक्षा मन्त्रालयको योजना तथा अनुगमन महाशाखा प्रमुख एवं सहसचिव श्रीप्रसाद भट्टराईले विविधतासहितको व्यवस्थापनले विश्वविद्यालयलाई विश्वप्रतिस्पर्धी बनाउन सहयोग पुग्ने बताए । अन्तरविश्वविद्यालय सिकाइ आदानप्रदान तथा असल अभ्यासको साझेदारीबाट उच्च शिक्षा थप प्रतिस्पर्धी र अनुसन्धान केन्द्रित बन्ने उनले उल्लेख गरे ।

कार्यशालामा उत्कृष्ट अभ्यासको पहिचान, संस्थागत मिसनसँग मेल खाने प्रोत्साहन प्रणालीको विकास, अन्तरविश्वविद्यालय अनुभव आदानप्रदान तथा उच्च शिक्षामा दीर्घकालीन नीति सुधारका सम्भावनाबारे छलफल भएको थियो । कार्यशालामा अमेरिकास्थित स्टोनी ब्रुक विश्वविद्यालयका प्राध्यापक श्याम शर्मा मुख्य सहजकर्ताका रूपमा सहभागी थिए । अनुसन्धान विभाग प्रमुख दीपककुमार खड्का, प्राध्यापक अजय भट्टराई, सुरेन्द्र सुवेदी, डा. रेश्मा तुलाधर, स्मृति कला पन्त र रोशी लामिछानेले विषयगत सहजीकरण गरेका थिए ।

कार्यशालामा विश्वविद्यालय अनुदान आयोग, त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय तथा कृषि तथा वन विश्वविद्यालयका उपकुलपति, प्राध्यापक तथा नीति विज्ञहरूको सहभागिता थियो । *रासस*

# पुर्ख्यौली भूमि दारिमबोटमा जग्गा खरिद गर्ने चौलागाईं प्रतिष्ठानको निर्णय

■ प्रभाव संवाददाता

**काठमाडौं–** चौलागाईं समुदायले आफ्नो पुर्ख्यौली इतिहाससँग जोडिएको दारिमबोटको ऐतिहासिक भूमि संरक्षण गर्ने प्रक्रिया अघि बढाएको छ । चौलागाईं प्रतिष्ठान केन्द्रीय कार्यसमितिले कालिकोटको दारिमबोटमा रहेको ऐतिहासिक महत्त्वको जग्गा प्रतिष्ठानको नाममा खरिद गर्ने निर्णय गरेको हो ।

वर्षौंको खोज, वंशावली अध्ययन, ऐतिहासिक सामग्रीको अनुसन्धान, स्थानीय परम्परा र स्थलगत अध्ययनपछि उक्त निर्णय गरिएको प्रतिष्ठानले जानकारी दिएको छ । 'यो निर्णय केवल जग्गा जोड्ने विषयमात्र नभई चौलागाईं समुदायको पुर्ख्यौली इतिहास, पहिचान र भावी पुस्तासँग जोडिएको ऐतिहासिक सम्पदा संरक्षण गर्ने प्रयास हो,' प्रतिष्ठानको भनाइ छ ।

प्रतिष्ठानका अध्यक्ष देवेन्द्र चौलागाईंका अनुसार दारिमबोटको ऐतिहासिक महत्त्व तथा जग्गा खरिदसम्बन्धी आवश्यक अध्ययन गर्न प्रतिष्ठानले चन्द्रमणि चौलागाईंको संयोजकत्वमा जग्गा खरिद सम्पर्क तथा अध्ययन समिति गठन गरेको थियो । समितिले कार्यादेशअनुसार दारिमबोटको स्थलगत अवस्था, उपलब्ध ऐतिहासिक सामग्री, स्थानीय जानकारी तथा प्रमाणहरूको अध्ययन गरी प्रारम्भिक प्रतिवेदन तयार गरेको थियो । उक्त प्रतिवेदन केन्द्रीय कार्यसमितिमा पेस भएपछि छलफल गरी स्वीकृत गरिएको र सोही प्रतिवेदनका आधारमा दारिमबोटमा रहेको ऐतिहासिक महत्त्वको जग्गा खरिद गर्ने निर्णय गरिएको अध्यक्ष चौलागाईंले बताए ।



'उपलब्ध सामग्रीको समग्र अध्ययनपछि प्रतिष्ठानले चौलागाईं समुदायका मूल पुर्खाका रूपमा शिव शर्मालाई पहिचान गरेको छ । स्थानीय बोलीचालीमा उनलाई 'स्यु शर्मा' वा 'सिउ शर्मा' भनेर चिनिने गरेकोसमेत अध्ययनमा उल्लेख छ,' उनले भने ।

प्रतिष्ठानको निष्कर्षअनुसार शिव शर्माको जन्म तथा बसोबाससँग सम्बन्धित दारिमबोट चौलागाईं समुदायको पुर्ख्यौली इतिहास र सामूहिक स्मृतिसँग जोडिएको महत्त्वपूर्ण स्थल हो । जग्गा खरिदपछि उक्त भूमि कुनै व्यक्ति वा परिवारको निजी स्वार्थमा प्रयोग नगरी प्रतिष्ठानको संस्थागत स्वामित्वमा राख्ने उद्देश्य रहेको जनाइएको छ ।

'यसलाई सम्पूर्ण चौलागाईं समुदायको साझा ऐतिहासिक सम्पत्तिका रूपमा संरक्षण गर्ने योजना प्रतिष्ठानले बनाएको छ,' प्रतिष्ठानको भनाइ छ, 'जग्गा खरिद प्रक्रिया सम्पन्न भएपछि त्यसको संरक्षण, उपयोग, अभिलेखीकरण तथा सम्भावित संरचना निर्माणका विषयमा सम्बन्धित निकाय, विज्ञ तथा चौलागाईं समुदायसँग आवश्यक छलफल गरी थप निर्णय गरिने छ ।'

जग्गा खरिदका लागि आवश्यक रकम जुटाउन प्रतिष्ठानले नेपाल तथा विदेशमा रहेका चौलागाईं बन्धु-बान्धवलाई सहयोग गर्न अपिल गरेको छ । प्रतिष्ठानले आर्थिक सहयोग संकलन तथा जग्गा खरिद प्रक्रियालाई पारदर्शी, संस्थागत र व्यवस्थित रूपमा अघि बढाउने प्रतिबद्धतासमेत जनाएको छ ।

बागमती सफाइ अभियान

# चार मेट्रिकटन नकुहिने फोहोर संकलन

**काठमाडौं (प्रस)–** ...राष्ट्रका लागि हप्ताको दुई घण्टा स्वयंसेवा' भन्ने नाराका साथ शनिबार पनि पशुपति क्षेत्रस्थित गुह्येश्वरी फाँटमा सफाइ गरी नकुहिने चार मेट्रिक टन फोहोर व्यवस्थापन गरिएको छ । बागमती सफाइ अभियानको ६९१औं हप्तामा यस क्षेत्रमा सरसफाइ गरी चार मेट्रिकटन फोहोर व्यवस्थापन गरिएको हो ।

पछिल्लो समय यस क्षेत्रमा नकुहिने फोहोर बढेपछि गत हप्तादेखि यस क्षेत्रमा सरसफाइ हुँदै आएको छ । सफाइका क्रममा कुहिने फोहोर भने यहीँ खाडल खनेर गाडिएको अभियानकर्मी किशोरसिंह शाहीले जानकारी दिए । उनका अनुसार सो अवसरमा बागमती नदी किनारमा विभिन्न जातका १५० बिरुवा रोपिएको छ ।

शनिबार बागमती सफाइ अभियानका प्रमुख अभियानकर्मी एवं पूर्वमुख्यसचिव लीलामणि पौडेललगायत अन्य अभियानकर्मी, यस क्षेत्रका विभिन्न विद्यालयका विद्यार्थी, गुह्येश्वरीमाथिको बागमती सफाइ अभियानका अभियानकर्मी, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका कर्मचारी, तिलगंगा महिला समूह, नदी संरक्षण संस्थालगायत प्रतिनिधिहरूको सहभागिता थियो ।

अर्को हप्ता साउन ३० गते शनिबार पनि यही स्थानमा सफाइ गरिने जनाइएको छ । २०७० जेठ ५ गतेदेखि सुरु भएको बागमती सफाइ अभियान प्रत्येक हप्ता शनिबार बिहान दुई घण्टा हुँदै आएको छ । भूकम्प, नाकाबन्दी, कोरोना महामारी, चाडपर्व, वर्षा, जाडोजस्ता प्रतिकूल अवस्थामा पनि बागमती सफाइ अभियान जारी छ ।

बागमती सफाइ महाअभियानको प्रेरणाले यसका सहायक नदी, चक्रपथका विभिन्न खण्ड, विभिन्न सम्पदा स्थलमा पनि सफाइ भइरहेको छ । यसैगरी काठमाडौं उपत्यका बाहिरका मुख्यमुख्य सहर, मुख्यमुख्य नदी र सम्पदास्थलमा पनि सफाइ अभियान सुरु भएको छ । हाल देशभर १०८ भन्दा बढी स्थानमा सफाइ भइरहेको जनाइएको छ ।

# दलित समुदायका थर सूचीकरणका लागि मागियो सुझाव

**काठमाडौं (प्रस)–** महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयले राष्ट्रिय दलित आयोगबाट सिफारिस भएका थरहरूको सूची सार्वजनिक गरी सरोकार भएका निकायका प्रतिनिधि तथा नागरिकसँग रायसुझाव र प्रतिक्रिया माग गरेको छ ।

राष्ट्रिय दलित आयोगले प्रचलित कानुनबमोजिम दलित समुदायका थरहरू सूचीकरणका लागि सिफारिससहित मन्त्रालयमा विवरण पठाएको थियो । उक्त सिफारिसका आधारमा थरहरू सूचीकरण गर्नुअघि सम्बन्धित समुदाय, सरोकार भएका व्यक्ति तथा संघसंस्था, विज्ञ र आमनागरिकबाट सुझाव लिन मन्त्रालयले सूची सार्वजनिक गरेको हो ।

मन्त्रिपरिषद्बाट सूचीकरणसम्बन्धी निर्णय हुनुअघि थप सुझाव तथा प्रतिक्रिया समेट्ने उद्देश्यले मन्त्री सीता बादीको निर्देशनमा आयोगबाट सिफारिस भएका थरहरूको विवरण सार्वजनिक गरिएको मन्त्रालयले जनाएको छ ।

**युएईमा रोजगार** कम्पनी : ADNAN MANZOOR ELECTROMECHANICAL WORKS LLC शहर : UAE
पूर्व स्वीकृत मितिः २०८३/०४/२२ चलानी नं.: ६०२५९४७० LT. No.: 346224

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Black/Plaster Mason | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६२,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Construction Labour | 2 | 0 | | 1200 | ४९,६८० | | | | | | | |
| 3. | GENERAL STEEL FIXER | 2 | 0 | | 1500 | ६२,१०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ साउन ३१ गते (16 August 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

**साउदीमा रोजगार** कम्पनी : MAKAN VIP CATERING SERVICES COMPANY शहर : Riyadh
पूर्व स्वीकृति मिति : २०८३/04/२२ LT. No. 346211 चलानी नं. ६०२५९४६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | 1000 | ४०,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन ३१ गते (16th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Rajendra Ghimire 9865502308, Email.: info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

**साउदीमा रोजगार** कम्पनी : ARI CAFE FOR DRINKS
पूर्व स्वीकृति मिति : २०८३/04/२० LT. No. 346081 चलानी नं. ६०२५९४४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Server | 1 | 0 | 1200 | ४८,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALIMDAD ALASRI TRADING COMPANY
पूर्व स्वीकृति मिति : २०८३/04/२१ LT. No. 346080 चलानी नं. ६०२५९४४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Server | 5 | 0 | 1300 | ५२,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन ३१ गते (16th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

**साधारण सभा तथा महाधिवेशन सम्बन्धी अत्यन्त जरूरी सूचना**

**प्रकाशित मिति : २०८३/04/२४ गते**

नेपाल मुद्रण उद्योग महासंघको मिति २०८३/०४/२३ गते सम्पन्न केन्द्रीय कार्यसमितिको बैठकले महासंघको १२ औं साधारण सभा तथा छैठौं महाधिवेशन मिति २०८३ साल असोज ३ गते काठमाडौंमा सम्पन्न गर्ने भनि गरिएको निर्णय अनुसार महासंघको विधान-२०६९ (संसोधन सहित) को परिच्छेद ३ को दफा ३.२ (ग) अनुसार संघको अधिवेशन गर्न बाँकी रहेका जिल्ला संघहरूले २०८३ साल भदौ ७ गते भित्र अधिवेशन सम्पन्न गरी अद्यावधिक ५ सदस्य बराबर एक जना, परिच्छेद ४ को दफा ४.४ (ङ) अनुसारका नविकृत एसोसिएट सदस्यहरु सबै र परिच्छेद ३ को दफा ३.३.१ (छ) ख अनुसार जिल्ला सम्पर्क समितिबाट २ जना महासंघको विधान अनुसारका सम्पूर्ण प्रक्रिया पुरा गरी महाधिवेशन प्रतिनिधिको रूपमा उपस्थित हुने व्यवस्था भएकोले महासंघको विधानको परिच्छेद ४ को दफा ४.३ अनुसार सम्पूर्ण सरोकारवालाहरूमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सभा सम्बन्धी सम्पूर्ण विवरण सहितको पत्र यहाँहरूको ठेगानामा पठाउने कार्य जारी रहेको छ। कथम कदाचित पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी प्रतिनिधि छनोट गरि पठाइदिनुहुन अनुरोध गर्दछु ।

**विष्णु तिवारी**
**अध्यक्ष**
**नेपाल मुद्रण उद्योग महासंघ**
FEDERATION OF NEPAL PRINTERS' ASSOCIATION
Central Office: Aloknagar, Kathmandu, Nepal , Tel.: +977-01-5910977
Email: info@fnpa.org.np | www.fnpa.org.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आन्दोलन होइन, संवाद र नीतिगत सुधारबाटै निकास खोजौं

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगारीमा श्रमिक पठाउने सम्पूर्ण प्रक्रिया रोक्दै 'शून्य समय'को घोषणा गरेको छ । संघले शुक्रबार रातिदेखि लागू हुनेगरी पूर्व तथा अन्तिम श्रम स्वीकृतिको काम बन्द गर्दै आन्दोलनको बाटो रोजेको हो । भारतीय विमानस्थल प्रयोग गरेर श्रमिक पठाएको भन्दै वैदेशिक रोजगार विभागले ठूलो संख्याका म्यानपावर कम्पनीहरूमाथि गरेको कारबाही र त्यसपछिको नीतिगत विवादका कारण यो स्थिति उत्पन्न भएको हो । रोजगारीका अवसरको खोजीमा रहेका नेपाली युवाहरू प्रत्यक्ष प्रभावित हुनेगरी सिर्जना भएको यो अन्योल मुलुकको अर्थतन्त्र र सामाजिक स्थायित्वका दृष्टिले अत्यन्त संवेदनशील छ ।**

**यो विवादको तात्कालिक कारण भारतीय विमानस्थलको प्रयोग र म्यानपावरमाथिको कारबाही देखिएता पनि यसको चुरो कुरो वैदेशिक रोजगार क्षेत्रमा लामो समयदेखि विद्यमान नीतिगत अस्पष्टता र असंगति नै हो । व्यवसायीहरूले उठाएका १५ बुँदे मागहरूमध्ये पारदर्शी लागत, वैज्ञानिक सेवा शुल्कको निर्धारण, ऐन संशोधन, र स्वचालित श्रम स्वीकृतिका विषयहरू मननीय छन् । हाल 'फ्रि भिसा, फ्रि टिकट'को नीति कागजमा सीमित भएको र व्यवहारमा श्रमिकहरू शोषणमा पर्ने तथा व्यवसायीहरू पनि गैरकानुनी बाटो अपनाउन बाध्य हुने अवस्था छ । व्यवसायीहरू स्वयंले वैज्ञानिक सेवा शुल्क निर्धारण भएमा सोभन्दा बढी रकम लिने संस्थाको लाइसेन्स रद्द गर्न र लिने–दिने दुवैलाई कारबाही गर्ने कानुन स्वीकार्न तयार रहेको बताउनुलाई सकारात्मक मान्न सकिन्छ ।**

**तर, आफ्ना माग पूरा गराउने नाममा वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका हजारौं युवाको भविष्य र उनीहरूको यात्रालाई बन्धक बनाउने शैली सही हुन सक्दैन । वैदेशिक रोजगारी नेपालको अर्थतन्त्रको मुख्य खम्बा हो, जसले दैनिक ठूलो परिमाणमा विप्रेषण (रेमिट्यान्स) भित्र्याउँछ र लाखौं परिवारको जीवनयापन चलाउँछ । यस्तो संवेदनशील क्षेत्रमा उडान ठप्प पार्ने, तालाचाबी बुझाउने र सरकारी घेराउ गर्नेजस्ता चरम आन्दोलनका कार्यक्रमले गन्तव्य मुलुकमा नेपालको साख खस्काउनेमात्र नभई नेपाली श्रमिकहरूकै अवसर खोस्ने जोखिम रहन्छ ।**

**यस जटिल समस्याको निकास एकतर्फी अडानबाट सम्भव छैन । सरकारले केवल कारबाहीलाई मात्र समाधानको उपाय बनाउनु हुँदैन भने व्यवसायीले पनि आन्दोलनका माध्यमबाट राज्यलाई घुँडा टेकाउने रणनीति लिनु उचित हुँदैन । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अविलम्ब व्यवसायीहरूसँग ठोस र परिणाममुखी वार्ता थाल्नुपर्छ ।**

**अबको समाधान भनेको वैदेशिक रोजगार ऐन, २०६४ लाई समयसापेक्ष संशोधन गर्नु, व्यावहारिक र वैज्ञानिक सेवा शुल्क तय गर्नु तथा सम्पूर्ण प्रक्रियालाई प्रविधिमैत्री र पारदर्शी बनाउनु नै हो । जबसम्म पारदर्शी र व्यावहारिक नीति बन्दैन, तबसम्म न त श्रमिकको शोषण रोकिन्छ, न त व्यवसायीहरू नै कानुनी दायरामा बाँधिन सक्छन् । तसर्थ, आन्दोलन र हड्तालको बाटो छाडेर संवादको माध्यमबाट दीर्घकालीन नीतिगत सुधार गर्न सरकार र व्यवसायी दुवै पक्ष उत्तिकै गम्भीर र जिम्मेवार बन्नु जरुरी छ ।**

## श्रम सरोकार

# विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिंड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ ।

# उपभोक्ता संरक्षण ऐन र चिकित्सा क्षेत्रमा देखिएको चुनौती



❑ डा. विश्वराज दवाडी

> स्वास्थ्य सेवालाई उपभोक्ता ऐनबाट हटाउनुको अर्थ डाक्टर हरूलाई मनपरी गर्न दिनु वा उन्मुक्ति दिनु पटक्कै होइन । यदि कुनै डाक्टरले गम्भीर लापरवाही गर्छ भने उसलाई कारबाही हुनैपर्छ र पीडित बिरामीले न्याय पाउनैपर्छ तर त्यसका लागि व्यापारिक अदालत होइन, विशेषज्ञ निकाय हुनुपर्छ । यसका लागि नेपाल मेडिकल काउन्सिलभित्र 'मेडिको–लिगल ट्रिब्युनल' गठन गर्न सकिन्छ । काउन्सिलभित्र पूर्वन्यायाधीशको अध्यक्षतामा विषयगत विशेषज्ञ डाक्टरहरु, उपभोक्ता अधिकारकर्मी र बायोएथिस्टहरु रहेको छुट्टै न्यायपीठ बनाइनुपर्छ । यसले उपचारमा 'प्रक्रियागत त्रुटि' वा 'बदनियत' थियो कि थिएन भन्ने वैज्ञानिक छानबिन गर्छ ।

नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच र आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने अधिकारलाई मौलिक हकका रूपमा ग्यारेन्टी गरेको छ ।

संविधानले स्वास्थ्यलाई राज्यको एक अभिन्न दायित्व र अत्यावश्यक मानवीय सेवाका रूपमा स्वीकार गरेको छ तर पछिल्लो समय उपभोक्ता संरक्षण ऐन, २०७५ अन्तर्गत स्वास्थ्य सेवा र चिकित्सकहरूलाई पनि व्यापारिक वस्तु वा सामान बिक्री गर्ने विक्रेतासरह राखी उपभोक्ता अदालतको दायरामा ल्याइएको छ । यसले गर्दा नेपालको सम्पूर्ण स्वास्थ्य प्रणालीमा गम्भीर र नकारात्मक असरहरू देखिन थालेका छन् ।

## उपभोक्ता अदालतको बढ्दो हस्तक्षेप

हालै उपभोक्ता अदालतले एभरेस्ट अस्पताल र एक स्त्री तथा प्रसूतिरोग विशेषज्ञलाई ३९ लाख रूपैयाँ क्षतिपूर्ति तिराउने फैसला गरेको छ । फैसलामा अस्पताललाई ३० लाख र डाक्टरलाई नौ लाख रूपैयाँ जरिवाना तोकिएको छ । प्रसूतिको क्रममा 'प्रि–एक्लेम्पसिया' (उच्च रक्तचाप) को जटिलतामा औषधि व्यवस्थापन तथा मेडिकल प्रोटोकल पालना नभएको ठहर गर्दै अदालतले उक्त आदेश दिएको हो ।

यसअघि पनि उपभोक्ता अदालतले हिमाल हस्पिटल र चिकित्सकलाई एक करोड ४५ लाख रूपैयाँ र ओम हस्पिटललाई ५६ लाख रूपैयाँभन्दा बढी क्षतिपूर्ति तिराउने फैसला गरिसकेको छ । एक ९८ वर्षीय बिरामीको प्राथमिक उपचार र डिस्चार्जका क्रममा लापरवाही भएको भन्दै अदालतले ओम हस्पिटललाई ८० प्रतिशत (५० लाख ७० हजार रूपैयाँ) र उपचारमा संलग्न दुई डाक्टरलाई १०/१० प्रतिशत (प्रतिडाक्टर तीन लाख पाँच हजार रूपैयाँका दरले) क्षतिपूर्ति तिराउने निर्णय गर्‍यो ।

कुनै पनि बिरामीको ज्यान जानु अत्यन्तै दुःखद् विषय हो र पीडितले न्याय पाउनैपर्छ तर मेडिकल विज्ञानको जटिलता, आकस्मिक अवस्था र बिरामीको शारीरिक प्रतिक्रियालाई गैरमेडिकल प्रशासनिक न्यायाधीशहरूले व्यापारिक ऐनको कसीबाट मूल्यांकन गर्दा समग्र चिकित्सा क्षेत्रमा त्रासको वातावरण सिर्जना भएको छ ।

## स्वास्थ्य सेवा व्यापार होइन

व्यापारिक क्षेत्रमा 'ग्राहक' र 'बिक्रेता' बीचको सम्बन्ध नाफा-घाटा र वस्तुको खरिद-बिक्रीमा आधारित हुन्छ । यदि तपाईंले बजारबाट कुनै सामान वा टिभी किन्नुभयो र त्यो बिग्रियो भने त्यसलाई फेर्न वा क्षतिपूर्ति माग्न सकिन्छ, किनकि त्यो निर्जीव वस्तु हो । तर चिकित्सक र बिरामीको सम्बन्ध नाफाको व्यापार होइन । यो आस्था, मानवीय संवेदनशीलता र नैतिक उत्तरदायित्वमा टिकेको हुन्छ । कुनै पनि चिकित्सकले बिरामीलाई जानीजानी हानि पुर्‍याउने नियत राख्दैन ।

मानव शरीर कुनै कलकारखानामा बनेको मेसिन होइन, जहाँ एउटै नियम वा औषधि सबैलाई समानरूपमा लागू होस् । प्रत्येक व्यक्तिको शारीरिक बनावट, रोग प्रतिरोधात्मक क्षमता र तत्कालीन अवस्था फरक-फरक हुन्छ । त्यसैले स्वास्थ्योपचारलाई अन्य व्यापारिक सेवासँग तुलना गरेर 'उपभोक्ता ऐन'को घेरामा राख्नु कानुनी र व्यावहारिक दुवै दृष्टिले गलत छ ।

## उपभोक्ता ऐनको त्रास

जब स्वास्थ्य सेवालाई उपभोक्ता ऐनमा राखियो र डाक्टरहरूमाथि करोडौं रूपैयाँ क्षतिपूर्तिको मुद्दा पर्न थाल्यो, त्यसको प्रत्यक्ष दुष्परिणाम बिरामीहरूले नै भोग्नुपरिरहेको छ । डाक्टरहरूमा कानुनी झमेला र करोडौं क्षतिपूर्तिको त्रास सिर्जना भएकाले नेपालमा 'डिफेन्सिभ मेडिसिन'को विभिन्न खालका विकृतिहरू भित्रिएका छन् । जटिल वा गम्भीर अवस्थाका बिरामी अस्पताल आउँदा कानुनी झमेला र उपभोक्ता अदालतको डरले डाक्टरहरूले जोखिम मोलेर उपचार गर्नुको सट्टा अन्यत्र 'रिफर' गर्ने वा हात हाल्न नमान्ने प्रवृत्ति बढेको छ । यसले गर्दा आपत्कालीन अवस्थाका धेरै बिरामीहरूले समयमा उपचार नपाई अकालमै ज्यान गुमाउनुपर्ने अवस्था सिर्जना भएको छ ।

त्यतिमात्र होइन, अनावश्यक परीक्षण र महँगो उपचारको अवस्था पनि सिर्जना भएको छ । कानुनी बचाउका लागि डाक्टरहरूले सानो शंका लाग्दा पनि बिरामीलाई धेरै किसिमका महँगा सिटी स्क्यान, एमआरआई र अनावश्यक प्रयोगशाला परीक्षणहरू गराउन बाध्य हुनुपरेको छ । यसको प्रत्यक्ष आर्थिक भार अन्ततः गरिब तथा विपन्न बिरामीकै खल्तीमा परेको छ ।

## अन्तर्राष्ट्रिय अनुभवबाट सिक्नुपर्ने पाठ

दक्षिण एसियाली तथा पश्चिमी देशहरूको अनुभवले पनि स्वास्थ्यलाई उपभोक्ता ऐनमा राख्दा उल्टै सर्वसाधारणलाई नोक्सान पुगेको देखाउँछ । भारतमा सन् १९९५ पछि स्वास्थ्य सेवालाई उपभोक्ता ऐनभित्र समावेश गरियो । त्यसपछि अदालतमा लाखौं मुद्दाहरू थुप्रिए, डाक्टर हरूले बचाउत्मक उपचार गर्न थाले र भारतमा उपचार खर्च तीव्ररूपमा महँगियो ।

अमेरिका र पश्चिमी देशहरूमा पनि भएका अभ्यासहरूबाट पनि धेरै कुराहरू सिक्नुपर्ने हुन्छ । अमेरिकामा 'मेडिकल मालप्राक्टिस' सम्बन्धी कडा कानुन र अर्बौं डलर क्षतिपूर्ति तोक्ने प्रणाली छ । यसले गर्दा डाक्टरहरूले तिर्नुपर्ने बिमाको प्रिमियम अत्यधिक महँगो छ, जसले गर्दा अमेरिकामा उपचार विश्वकै सबैभन्दा महँगो बनेको छ । नेपालजस्तो विकासोन्मुख देशले यस्तो महँगो प्रणाली धान्न सक्दैन ।


## वास्तविक समाधान के हो त ?

स्वास्थ्य सेवालाई उपभोक्ता ऐनबाट हटाउनुको अर्थ डाक्टरहरूलाई मनपरी गर्न दिनु वा उन्मुक्ति दिनु पटक्कै होइन । यदि कुनै डाक्टरले गम्भीर लापरवाही गर्छ भने उसलाई कारबाही हुनैपर्छ र पीडित बिरामीले न्याय पाउनैपर्छ तर त्यसका लागि व्यापारिक अदालत होइन, विशेषज्ञ निकाय हुनुपर्छ । यसका लागि नेपाल मेडिकल काउन्सिलभित्र 'मेडिको-लिगल ट्रिब्युनल' गठन गर्न सकिन्छ । काउन्सिलभित्र पूर्वन्यायाधीशको अध्यक्षतामा विषयगत विशेषज्ञ डाक्टरहरू, उपभोक्ता अधिकारकर्मी र बायोएथिस्टहरू रहेको छुट्टै न्यायपीठ बनाइनुपर्छ । यसले उपचारमा 'प्रक्रियागत त्रुटि' वा 'बदनियत' थियो कि थिएन भन्ने वैज्ञानिक छानबिन गर्छ ।

त्यस्तै डाक्टर र अस्पतालहरूका लागि अनिवार्य पेसागत बिमाको व्यवस्था गरिनुपर्छ । यदि ट्रिब्युनलले उपचारमा त्रुटि भएको ठहर गरेमा क्षतिपूर्तिको रकम डाक्टरको व्यक्तिगत सम्पत्ति वा खल्तीबाट नभई बिमा कम्पनीको कोषबाट पीडित बिरामीलाई तत्काल उपलब्ध गराइन्छ । स्वास्थ्य सेवा कुनै व्यापारिक कारोबार होइन; यो नागरिकको जीवनसँग जोडिएको संवेदनशीलता हो । यदि हामीले स्वास्थ्य सेवालाई व्यापार र बिरामीलाई केवल 'ग्राहक' का रूपमा हेरिरह्यौं भने डाक्टरहरू बचाउत्मक मोडमा जाने छन्, उपचार प्रक्रिया झन् महँगो र झण्झटिल हुने छ, र जटिल बिरामीहरूले समयमा उपचार नपाई अकालमै ज्यान गुमाउनुपर्ने छ ।

त्यसैले आमनागरिकको हित, डाक्टरहरूको सुरक्षा र देशको स्वास्थ्य प्रणालीलाई जोगाउनका लागि उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ (ध) संशोधन गरी स्वास्थ्य सेवालाई यो ऐनबाट पूर्णरूपमा अलग गरिनुपर्छ । स्वास्थ्य क्षेत्रलाई बचाउनु भनेको अन्ततः आमनागरिककै जीवन र स्वास्थ्यको रक्षा गर्नु हो । *रासस*

*(लेखक नेपाल मेडिकल एसोसिएसनका महासचिव हुन्)*




## पाठक मञ्च

# कालो चस्मा खोलेर जनताको दुःख हेर सरकार !

हालै प्रतिनिधिसभामा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरूले नै आफ्नै नेतृत्वमा चलेको सरकारको कार्यशैलीप्रति जुन रूपमा आक्रोश र आलोचना व्यक्त गरेका छन्, त्यसले आमनागरिकको मनमा गम्भीर प्रश्न र संशय पैदा गराएको छ ।

रास्वपा सांसद मनिष झाले गरेको 'सरकारले मूल मन्त्र भुल्दा सत्ता सञ्चालनको ढंग गुमायो' भन्ने टिप्पणी केवल एउटा राजनीतिक भाषण वा आरोपमात्र होइन, यो सडकमा सर्वसाधारणले दैनिक भोगिरहेको तीतो यथार्थको ऐना हो । राज्यप्रतिको भरोसा र राष्ट्रप्रतिको आत्मविश्वास नै शासन सञ्चालनको मुख्य आधार हुनुपर्नेमा आज नागरिकले न राज्यको उपस्थितिको अनुभूति गर्न पाएका छन्, न त भोलिका दिनप्रति विश्वस्त हुन सकेका छन् । नियतमा प्रश्न नगरे पनि 'ढंग' नपुगेको कुरा सत्ताकै घटकले स्वीकार गर्नुले वर्तमान सरकारको सुशासन र व्यवस्थापकीय क्षमताको पोल खोलेको छ ।

आज देशका आमनागरिक आधारभूत आवश्यकताका लागि भौतारिन बाध्य छन् । सांसद रमेश प्रसाईं, इन्दिरा राना र कमल सुवेदीले संसद्मा उठाएको खाना पकाउने ग्यासको अभावको विषयले हरेक नेपालीको चुलो र भान्साको पीडालाई प्रतिनिधित्व गर्दछ । चुनावका बेला 'सरकारी कार्यालयमा नो लाइन, केवल अनलाइन' र सुशासनका ठूला-ठूला नारा दिनेहरू सत्तामा पुगेपछि जनता भने भात पकाउने ग्यासका लागि मध्यरातसम्म लाइनमा बस्नुपर्ने बाध्यता सिर्जना हुनुभन्दा ठूलो विडम्बना अरू के हुन सक्छ ? एकातिर सरकार बजारमा ग्यासको अभाव छैन भनेर गैरजिम्मेवार दाबी गरिरहन्छ, अर्कोतिर जनता ग्यास सिलिण्डर बोकेर भौतारिरहेका छन् । यदि पर्याप्त ग्यास आयात भइरहेको छ र यो केवल कृत्रिम अभाव वा कालोबजारीमात्रै हो भने, त्यस्ता माफिया र कालोबजारीयालाई नियन्त्रण र कारबाही गर्न दुईतिहाइको बलियो सरकारलाई कसले रोकेको छ ? कि सरकार आफैं त्यस्ता बिचौलिया र कालोबजारीयाहरूसामु लाचार बनेको छ ?

त्यसैगरी, नेपाल कृषिप्रधान देश भनिए पनि किसानको नियति कहिल्यै फेरिएन । सांसद पारशमणि गेलालले औंल्याएजस्तै देशका विभिन्न भागमा किसानहरू रासायनिक मलका लागि घण्टौं र दिनहुँ लाइन बस्न बाध्य छन् । बाली लगाउने सिजनमा न त समयमा मल पाइन्छ, न त बीउ नै । मन्त्रालयले कागजीरूपमा 'मल पर्याप्त छ' भनेर तथ्यांक देखाउने, तर खेतमा मल नपुग्ने यो कस्तो विडम्बना हो ? किसानले पसिना बगाएर उत्पादन बढाउन खोज्दा राज्यले न्यूनतम मलसमेत उपलब्ध गराउन नसक्नुले हाम्रो कृषि नीतिको असफलतालाई नांगो पारिदिएको छ ।

सांसद टीका संग्रौलाले उठाएको पशुपति आर्यघाटको प्रसंगले राज्य कतिसम्म निर्दयी र करमुखी बनेको छ भन्ने कुरा प्रस्ट पार्छ । बाँचुञ्जेल त नागरिकले पाइला-पाइलामा कर तिर्नुपर्छ नै, तर मरेपछि अन्तिम संस्कारका लागि भारी शुल्क र कर तिर्नुपर्ने बाध्यता रहनु सामाजिक न्याय र लोकतान्त्रिक राज्यको अवधारणाविपरीत छ ।

यसबाहेक, साना र गरिब नागरिकमाथि सीमा क्षेत्रमा हुने प्रशासनिक थिचोमिचो र ठूला पहुँचवालालाई दिइने छुटको विषयले राज्यको दोहोरो मापदण्ड उजागर गरेको छ । २५ रूपैयाँको चिप्स ल्याउने गरिब नागरिकमाथि जाइलाग्ने, तर ठूला र महँगा सामान ल्याउनेलाई छुट दिने परिपाटीले राज्यको प्रणालीप्रति नै जनताको आक्रोश बढाएको छ । प्रहरी-प्रशासन देख्दा नागरिकले सुरक्षाको सट्टा धरपकड र डर महसुस गर्नु, निजी क्षेत्र र उद्यमीहरू सधैं त्रासको वातावरणमा काम गर्न बाध्य हुनुले मुलुकको आर्थिक वातावरणलाई थप धराशायी बनाउँदै लगेको छ ।

चुनावी भाषण र राजनीतिक स्टन्टलेमात्रै देश चल्दैन । सरकारमा नयाँ अनुहार र नयाँ चित्र आएरमात्रै पुग्दैन, सोच, चरित्र र कार्यशैलीमा पनि रूपान्तरण हुन आवश्यक छ । सत्तारुढ दलका सांसदहरूले नै संसद्मा ढोंग र कालो चस्मा खोलेर जनताको दुःख हेर्न दिएको सुझावलाई सरकारले गम्भीर आत्मसमीक्षाको रूपमा लिनुपर्छ ।

म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु- बजारमा देखिएको ग्यास, मल र अन्य अत्यावश्यक वस्तुको कृत्रिम अभाव र कालोबजारीलाई तत्काल अन्त्य गरियोस् । जनतालाई सास्ती दिने होइन, राहत दिने र अन्तिम संस्कार जस्ता संवेदनशील विषयमा विपन्न नागरिकलाई राज्यको तर्फबाट निःशुल्क सहयोग पुर्‍याउने व्यवस्था गरियोस् । सत्ताको उन्माद र चस्मा हटाएर सरकारले जनताको वास्तविक पीडा र दुःख हेर्ने आँट गरोस्, अन्यथा जनताको यो आक्रोश संसद्मामात्र सीमित नरही सडकमा विष्फोट हुन धेरै समय लाग्ने छैन ।

**- कमल राना**
कलंकी, काठमाडौं



**मौलिक गीत** | मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-१ खिंगामा आयोजित अध्यक्ष कपको उद्‌घाटनअघि मौलिक भेषभूषामा स्थानीय गीत गाउँदै खिंगा गाउँका स्थानीयवासी । *तस्बिरः रासस*

# सुस्तामा रोकिएन बाँध कटान, स्थानीय चिन्तित

**नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)–** पश्चिम नवलपरासीको सुस्तामा नारायणी नदीमाथि निर्माण गरिएको बाँध कटान हुन थालेपछि स्थानीय चिन्तित बनेका छन् । सुस्ता गाउँपालिका-५ मा नारायणी नदीको पानी बस्तीमा पस्नबाट रोक्ने उद्देश्यले बाँध निर्माण गरिएको थियो ।

नदीमा पानीको उच्च बहावले बाँध कटान सुरु गरेपछि स्थानीयले सुस्ता जोगाउन अस्थायी बाँध निर्माण गरिरहेका छन् । 'सुस्ता बचाउ अभियान'का प्रवक्ता रवीन्द्र जैसवालले बस्तीलाई कटान र डुबानबाट बचाउन स्थानीयको सक्रियतामा बाँध निर्माण गरिएको जनाउँदै शुक्रबार रातिदेखि नदीमा पानीको बहाव उच्च हुँदा कटान सुरु भएको बताए । सुस्ताका नागरिकले हप्ता दिनदेखि नारायणीको पानीलाई बस्तीमा पस्न नदिन बोरामा बालुवा, तारजाली, माटो, खरपातलगाय सामग्रीले अस्थायी बाँध निर्माण गरी रोक्ने प्रयास गरेका छन् ।

यसैबीच, सुस्तालाई नारायणीको जोखिमबाट जोगाउन सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना भरतपुर चितवनले पहिलो चरणमा ११ करोड ५० लाख रूपैयाँ लागतमा करिब एक किलोमिटर तटबन्धन निर्माण गरेको आयोजनाका इञ्जिनियर बेलबहादुर विश्वकर्माले बताए । 'सोही ठाउँबाट जोडेर दोस्रो चरणमा थप एक करोड ४६ लाख रूपैयाँको लागतमा आयोजनाले १३२ मिटर तटबन्धनको काम सुरु गर्ने योजना थियो । दीर्घकालीन समाधान हुन नसक्दा समस्या आइरहेको हो । अहिले पनि नारायणीको पानीले कटान गरिरहेको छ,' उनले भने । *रासस*

# बाघ र चितुवा अनुगमन गर्न क्यामरा जडान

**चितवन–** डिभिजन वन कार्यालय चितवनले मानव बस्ती र आसपासका क्षेत्रमा बाघ र चितुवाको गतिविधि बढेपछि क्यामरा र खोरको व्यवस्थापन गरी अनुगमन थालेको छ ।

मानव बस्तीमा प्रवेश गर्ने बाघ र चितुवाको अनुगमन गर्न क्यामरा जडान तथा नियन्त्रणमा लिन खोरको व्यवस्था गरिएको वन अधिकृत सुदीप हमालले जानकारी दिए ।

उनका अनुसार भरतपुर महानगरपालिका-१५ को अविनास पोल्ट्री परिसरमा 'ट्र्याापिङ'का लागि क्यामरासहित खोर राखिएको छ । त्यस नजिकै बाँसभ्याङमा अर्को क्यामरा जडान गरिएको छ ।

सोही क्रममा पोल्ट्री परिसरमा खोरमा परेको चितुवाको बच्चा उद्धार गरी सौराहास्थित राष्ट्रिय प्रकृति संरक्षण कोषमा लगिएको छ। डिभिजन कार्यालयका अनुसार बच्चा खोरमा परेपछि क्यामरा ट्र्यापिङमा एक माउ र अर्को बच्चासँगै बाहिर बसेको देखिएको थियो । त्यस ठाउँको झाडी फाँडेपछि माउ र बच्चा कृषि तथा वन विज्ञान विश्वविद्यालयको परिसर क्षेत्रमा गएको अनुमान छ । पछिल्लो समय क्याम्पस परिसरमा पनि खोर र क्यामराको व्यवस्थापन गरी नियमित अनुगमन गरिएको छ ।

भरतपुर महानगरपालिका-११ स्थित आँपटारीमा विद्युत् 'स्टेसन' क्षेत्रमा केही दिन पहिले कर्मचारीले बाघ आएको सूचना दिएपछि क्यामरा जडान गरिएको छ । बाघले स्थानीयको बाख्रा खाएको थियो । बाघले बाख्रा खाएको सूचनापछि प्रमुख जिल्ला अधिकारी गणेश अर्यालसहित सुरक्षा निकाय र वन कार्यालयका कर्मचारीको टोलीले त्यस क्षेत्रको स्थलगत अनुगमन गरेको थियो । टोलीले गरेको अनुगमनपछि कार्यालयको प्रवेशद्वार र भित्र क्यामरा जडान गरिएको छ ।

कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यले तीनवटै ठाउँमा क्यामरा जडान र खोर राख्ने काम भएको बताए । त्यस क्षेत्रमा बाघ वा चितुवा खोरमा परेमा तत्काल उद्धार गरिने व्यवस्था मिलाइएको छ ।

यसैबीच, शारीरिकरूपमा कमजोर चितुवा र बाघले बच्चा हुर्काउने समयमा जंगलबाहिर जाने विज्ञहरूको भनाइ छ । जंगलभित्र अन्य जनावरबाट बच्चालाई आक्रमण हुन सक्ने भयले उनीहरू बाहिर गएको हुन सक्ने अनुमान छ । *रासस*

# एक महिनादेखि इलाम-राजदुवाली सडक अवरुद्ध, प्रहरीको सहयोगमा यात्रा



**इलाम–** मेची राजमार्गअन्तर्गत इलाम-राजदुवाली सडकखण्ड एक महिनादेखि अवरुद्ध छ । गत असार २३ गते इलाम नगरपालिका-९ स्थित इलाम-राजदुवाली खण्डमा पहिरो गएपछि अवरुद्ध बनेको सडक अझै सञ्चालनमा आएको छैन ।

माथिबाट लेदोसहितको पहिरो खस्नुकासाथै सडक भासिएपछि एक महिनायता अवरुद्ध रहेको सो सडक खुलाउने प्रयास भइरहेको प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले बताए । 'पहिरो पन्छाएपछि भासिएका क्षेत्रमा पुरेर ग्राभेल गरी सडक सञ्चालन गर्ने तयारी भइरहेको छ,' उनले भने, 'वर्षाका कारण दलदलमा काम गर्न सकिँदैन । तीन-चार दिन घाम लागेपछि मात्र काम सुरु हुन्छ, तर काम सम्पन्न नहुँदै पानी परेर पुनःभासिने समस्याले हैरानी बनाइरहेको छ ।' घाम लागेमा भासिएको स्थान पुरेर ग्राभेल गर्ने, भित्तातर्फ अस्थायी ड्रेन निर्माण गर्ने गरी सडक सञ्चालनमा ल्याउने तयारी भइरहेको उनले जानकारी दिए ।

सडक डिभिजन कार्यालय इलाम, स्थानीय बासिन्दा र सुरक्षाकर्मीले सडक खुलाउन प्रयास गरिरहेका छन् । अवरुद्ध सडक सञ्चालन गर्न सुरक्षाकर्मी, स्थानीयलगायतको सहकार्यमा प्रयास भइरहेको सडक डिभिजन कार्यालयका डिभिजन प्रमुख पवन भट्टराईले बताए । 'सडक खुलाउन हामी दिनरात लागिरहेका छौं,' उनले भने, 'तर अलिकति पानी पर्नासाथ सडक भासिने प्रमुख समस्या छ ।'

सडक अवरुद्ध भएपछि एक महिनादेखि इलाम सदरमुकामसहित पाँचथर र ताप्लेजुङको झापासँग सडक सम्पर्क विच्छेद बनेको स्थानीय बताउँछन् । इलामसहित पाँचथर र ताप्लेजुङबाट झापातर्फ गएका सवारीसाधन माइखोला वारिसम्म र झापाबाट इलाम, पाँचथर र ताप्लेजुङतर्फ आएका सवारीसाधन माइखोला पारिसम्म आउने/जाने गरिरहेका प्रजिअ ढकालले जानकारी दिए ।

उनका अनुसार माइखोला पारिबाट वारी पहिरोमाथिसम्म र वारी पहिरोमाथिबाट माइखोलापारीसम्म करिब डेढ किलोमिटर यात्रुलाई पैदल आवतजावत गर्नुपर्ने बाध्यता छ । बिरामी, अशक्त एवं ज्येष्ठ नागरिकलाई भने स्ट्रेचरमा बोकेर माइखोला पारिसम्म पुऱ्याउन सुरक्षाकर्मीले सहयोग गरिरहेका उनले बताए । नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले बिरामी, अशक्त एवं ज्येष्ठ नागरिकलाई स्ट्रेचरबाट बोकेर पहिरो प्रभावित क्षेत्रमा वारपार गर्न सहयोग गरिरहेका जिल्ला प्रहरी कार्यालयका प्रमुख, प्रहरी उपरीक्षक कुलदीप चन्दले बताए ।

प्रहरी निरीक्षक देविदत्त मोतेको नेतृत्वमा १० जना प्रहरी आलोपालो गरी २४सै घण्टा पहिरो प्रभावित क्षेत्रमा खटिएको उनले जानकारी दिए । सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीले भने बिहानदेखि बेलुकासम्म समन्वय सहयोग गरिरहेका छन् । प्रहरीले सो क्षेत्रमा गत असार १७ गतेदेखि हेल्पडेक्स (सहायता कक्ष) स्थापना गरी सहयोग गर्दै आएको छ ।

वैकल्पिक सडकका रूपमा प्रयोग हुँदै आएको मेची करिडोर (केचना-कञ्चनजंघा सडक) अन्तर्गत पुवाखोला र तिल्केनी-सिमलगोलाई सडकअन्तर्गत जोगमाइ खोलामासमेत पुल नभएकाले समस्या भइरहेको प्रजिअ ढकालले उल्लेख गरे । घाम लागेका बेला अस्थायी डाइभर्सन निर्माण गरी सडक सञ्चालन गरिए पनि वर्षा हुनसाथ बाढीले डाइभर्सन बगाउने समस्याले इलामबाट झापा झर्ने कुनै वैकल्पिक सडक नभएको उनले बताए ।

गत असोज १८ गतेको वर्षासँगैको पहिरोले अवरुद्ध भएको सो सडक १४ दिनपछि सञ्चालन भएको थियो । यसपटक भने उक्त सबैभन्दा बढी समय अवरुद्ध भएको हो ।

## सडकका कारण उपभोग्य सामग्री महँगियो

सडक अवरुद्ध भएपछि निर्माणसहित दैनिक उपभोग्य सामग्री महँगिएका छन् । सामान्य अवस्थामा झापाबाट इलामसम्म प्रतिकिलो २०० रूपैयाँमा आउने सामान अहिले ५०० देखि ६०० रूपैयाँसम्म पुग्न थालेको जिल्लास्थित उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण पौडेलले बताए । मेची राजमार्गमा ठूला सवारीसाधन कुद्न सकेका छैनन् । साना गाडीबाट सामग्री ल्याउनुपरेकाले ढुवानीमा महँगो पर्ने गरेको हो,' उनले भने ।

## खाना पकाउने ग्यासको अभाव

पछिल्लो समय इलाममा खाना पकाउने ग्यासको अभाव देखिएको छ । यसअघि आधा सिलिण्डर ग्यास बिक्रीवितरण हुँदा उपभोक्तालाई केही सहज भए पनि पूरा सिलिण्डर आपूर्ति नै थालेपछि बजारमा अभाव देखिएको स्थानीय प्रकाश नेपालले बताए । 'आफ्नै घर हुनेले जसोतसो आगो बालेर भए पनि खाना पकाएर खान सक्छन् । तर कोठा भाडामा बस्ने विद्यार्थीलाई सबैभन्दा बढी समस्या परेको छ,' उनले भने, 'नियमित विद्युत् आपूर्तिमा समस्या भइरहेकाले वैकल्पिक उपायका रूपमा विद्युतीय चुलोसमेत चलाउन पाइएको छैन ।' *रासस*

# बिदाको दिन प्रशासन खुलेपछि राष्ट्रिय परिचयपत्र बनाउन सहज



**दमौली (तनहुँ)–** सरकारी कार्यालयमा सामान्यतया सार्वजनिक बिदाका दिन सेवा प्रवाह हुँदैन । तर, जिल्ला प्रशासन कार्यालय तनहुँले भने राष्ट्रिय परिचयपत्र बनाउनुपर्ने सेवाग्राहीको बढ्दो चापलाई मध्यनजर गर्दै बिदाको दिनसमेत कार्यालय खोलेर सेवा दिन थालेको छ ।

नियमित कार्यालय समयमा विद्यालय, कलेज तथा अन्य काममा व्यस्त हुने सेवाग्राहीका लागि बिदाको दिन सेवा दिँदा सहज हुने भएकाले यसलाई कार्यान्वयन गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

व्यास नगरपालिका-२ निवासी अपेक्षा सुनारले बिदाको दिन सेवा लिन पाउँदा आफू प्रत्यक्ष लाभ लिने सेवाग्राहीमध्ये एक भएको बताइन् । सत्यवती माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत उनलाई विद्यालय सञ्चालन हुने दिन प्रशासन कार्यालय पुगेर राष्ट्रिय परिचयपत्र बनाउन समस्या थियो । विद्यालयको पढाइ प्रभावित हुने भएकाले उनले बिदाको दिनको फाइदा लिएकी छन् ।

प्रशासन कार्यालयले शनिबार र आइतबार राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा दिएकाले बिदाको दिन कार्यालय पुगेर उनले आफ्नो परिचयपत्रका लागि आवश्यक प्रक्रिया पूरा गरेकी छन् । 'अरू दिन विद्यालय जानुपर्छ । बिदाको दिन कार्यालय खुलेर सेवा दिएपछि धेरै सहज भयो,' उनले भनिन् ।

सुनारको जस्तै समस्या धेरै विद्यार्थी तथा नियमित कार्यालय समयमा व्यस्त रहने सेवाग्राहीको छ । राष्ट्रिय परिचयपत्र अहिले विभिन्न सरकारी सेवा, राहदानीलगायत काममा आवश्यक पर्ने महत्त्वपूर्ण कागजपत्र बन्दै गएपछि यसको आवश्यकता बढेको छ । सोही कारणले जिल्ला प्रशासनमा राष्ट्रिय परिचयपत्र बनाउन आउने सेवाग्राहीको संख्या पछिल्ला दिनमा उल्लेख्यरूपमा बढेको छ ।

राष्ट्रिय परिचयपत्रका लागि सेवाग्राहीको चाप अत्यधिक बढेपछि जिल्ला प्रशासन कार्यालयले सेवा प्रवाहलाई सहज बनाउन सार्वजनिक बिदाको दिनसमेत सेवा सञ्चालन गर्ने निर्णय गरेको सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले जानकारी दिए । उनका अनुसार शनिबार र आइतबार बिहान ९:०० बजेदेखि अपराह्न ५:०० बजेसम्म सेवा प्रदान गरिँदै आइएको छ ।

उनका अनुसार कार्यालयमा सेवाग्राहीको चाप बढ्दै गएपछि नियमित कार्यदिनमामात्रै सेवा दिँदा धेरै सेवाग्राहीले समय व्यवस्थापन गर्न समस्या भोग्नुपर्ने अवस्था आएपछि बिदाको दिनसमेत सेवा सञ्चालन गरिएको हो । विशेषगरी विद्यार्थी, निजी क्षेत्रमा कार्यरत कर्मचारी, व्यवसायी तथा नियमित कार्यालय समयमा आफ्नो काममा व्यस्त रहने नागरिकका लागि बिदाको दिनको सेवा प्रभावकारी हुने प्रशासनको अपेक्षा छ । कार्यालयले सेवाग्राहीको भीडलाई व्यवस्थित बनाउन टोकन प्रणालीलाई प्राथमिकता दिएको छ ।

यसैबीच, सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले सेवाग्राहीलाई तोकिएको मितिमा कार्यालयबाट टोकन लिएर आफ्नो पालोअनुसार सेवा लिन आग्रह गरे । यसले एकैपटक ठूलो संख्यामा सेवाग्राही कार्यालयमा जम्मा हुँदा उत्पन्न हुने भीड कम गर्नुका साथै सेवा प्रवाहलाई व्यवस्थित बनाउन सहयोग गर्ने उनको भनाइ छ । *रासस*

# डेंगीविरूद्ध 'खोज र नष्ट गर' अभियान



**गण्डकी–** साउन लागेयता बागलुङमा डेंगी संक्रमितको संख्या २४१ पुगेको छ । डेंगी संक्रमण तीव्र भएपछि बिहीबारदेखि जिल्लामा 'खोज र नष्ट गर' अभियान सुरु गरिएको हो । डेंगी फैलाउने लामखुट्टेको बासस्थान नष्ट गरी जीवनचक्र खल्बल्याउन उक्त अभियान सुरु गरिएको गण्डकी प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माले बताए । 'टोल र समुदायस्तरमा डेंगीको संक्रमण नियन्त्रणका लागि सचेतना जगाउन अभियान सुरु गरिएका हो,' उनले भने, 'डेंगी नियन्त्रण तथा रोकथामका लागि हरेक व्यक्ति र परिवार जिम्मेवार हुनुपर्छ ।'

जनस्वास्थ्य कार्यालयको अगुवाइ तथा बागलुङ नगरपालिकाको स्वास्थ्य शाखालगायत विभिन्न संघसंस्था र नागरिक समूहको संयुक्त पहलमा उक्त अभियान सञ्चालन हुने जनाइएको छ । डेंगी सार्ने 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टे जमेको सफा पानीमा बस्ने हुँदा घर, कार्यालय र सार्वजनिकस्थलमा पानी जम्न दिन नहुने प्रमुख शर्माको भनाइ छ ।

डेंगीको भाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डी, पुराना टायर, भाँडाकुँडा, ड्रम आदिमा जम्मा भएको सफा पानीमा बस्ने हुँदा तिनलाई खाली गनुपर्ने जनस्वास्थ्य प्रमुख शर्माले बताए । डेंगी संक्रमण नियन्त्रणका लागि स्थानीय समुदायकै बढी भूमिका हुने उनको भनाइ छ ।

डेंगीको संक्रमणबाट जोगिन विशेष सावधानी अपनाउन चिकित्सकको सुझाव छ । संक्रमण जटिल बनेर मानिसको मृत्युसमेत हुनसक्ने भएकाले उक्त रोग सार्ने लामखुट्टेको टोकाइबाट बच्नु डेंगीबाट बच्ने उत्तम उपाय भएको उनीहरूको भनाइ छ ।

डेंगी संक्रमणपछि बान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकानजस्ता लक्षण देखिए चिकित्सकको विशेष निगरानीमा उपचार गर्नुपर्ने प्रमुख शर्माले बताए । डेंगी भएमा आराम गर्ने, पानीलगायत झोलिलो प्रशस्त पदार्थ पिउने र जथाभावी औषधि सेवन गर्न नहुने प्रमुख चिकित्सक बताउँछन् ।

असारदेखि कात्तिकसम्म डेंगीको संक्रमण बढी फैलने गर्छ । समयमा जोखिम न्यूनीकरण र नियन्त्रण गर्न नसके डेंगीले महामारीको रूप लिनसक्ने शर्माले बताए । 'चार प्रकारको भाइरसबाट मानिसमा डेंगी संक्रमण हुने गरेको छ । डेंगी सार्ने 'एडिस एजिप्टाई' जातको लामखुट्टले जम्मा भएको सफा पानीमा फूल पार्ने र लार्भा जन्माउने गर्छ । यो लामखुट्टेले दिनमामात्र टोक्ने भएकाले आवश्यक सतर्कता अपनाउन जरुरी छ,' उनले भने । *रासस*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९६९०० | प्रति तोला – ० | प्रति तोला – ४५८० |

## ग्यास कम्पनी र डिपोमा उद्योगमन्त्रीको अनुगमन



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा खाना पकाउने ग्यासको बिक्री वितरणमा देखिएको समस्या तत्काल समाधान गर्न सरकारले उद्योग तथा डिपोको अनुमगनमलाई तीव्र बनाएको छ ।

साविकभन्दा बढी परिमाणमा ग्यास आयात भइरहेको नेपाल आयल निगमको दाबीबीच सहजै ग्यास नपाएको भन्ने सर्वसाधारणको गुनासो शीघ्र सम्बोधन गर्न उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारीले शनिबार काठमाडौंमा रहेका ग्यास उद्योग र डिपोको अनुगमन गरिन् ।

मन्त्री यादवले बालाजुस्थित नेपाल ग्यास उद्योग पुगेर ग्यासको आयात, बोटलिङ र बिक्री वितरणको तथ्यांकबारे जानकारी लिइन् । उद्योगको निरीक्षणपछि उनी निगमको टेकुस्थित कार्यालय पसिरसरमा रहेको डिपोमा पुगेर अनुगमन गरेको मन्त्री यादवको स्वकीय सचिवालयले जनाएको छ ।

त्यसक्रममा उद्योग मन्त्रीले विद्यार्थी, मजदुर तथा अप्ठ्यारामा परेका नागरिकलाई प्राथमिकता दिएर ग्यास बिक्री गर्न निर्देशन दिएकी थिइन् । ग्यास अभाव देखिएपछि निगमको निर्देशनमा यही साउन १६ गतेदेखि नेपाल, एचपी, एभरेष्ट, सुगम र श्रीराम ग्यास उद्योगले टेकुबाट ग्यासको बिक्री वितरण गरिरहेका छन् ।

उपभोक्ताको गुनासो सम्बोधन गर्न निगमले 'क्विक रेन्पोन्स टिम' गठन गरेर ग्यासको बिक्री वितरणलाई सहज बनाइरहेको छ । उपत्यकामा मात्रै एक दिनमा करिब ४० हजार सिलिन्डर ग्यास बिक्री भइरहेको निगमले जनाएको छ । निगमको एलपी ग्यास विभागका निर्देशक विनितमणि उपाध्यायले ग्यासको आयात नियमित भइरहेको जनाउँदै आगामी दिनमा आयातको परिणाम वृद्धि गर्ने प्रयास भइरहेको बताए ।

## रुपन्देहीमा ग्यासको समस्या सहज

■ दामोदर खनाल

**रूपन्देही –** रूपन्देहीमा केही दिनदेखि कृतिम रूपमा असहज वनेको खाना पकाउने एलपी ग्यासको समस्या सहज बन्दै गएको छ ।

रूपन्देहीमा रहेका विभिन्न ग्यास उद्योगबाट बजारमा ग्यास पठाउन थालेपछि रूपन्देहीमा ग्यास आपूर्ति सहज हुन थालेको हो । रूपन्देहीको पत्थर डाँडामा रहेको सिद्वार्थ ग्यास उद्योगले शुक्रवार मात्र करिव ३ हजार सिलिन्डर ग्यास रूपन्देहीका आफ्ना ग्यास विक्रेताकोमा पठाएको छ ।

सिद्वार्थ ग्यास उद्योग प्रा लि का म्यानेजर सुशील नेपालले ३ दिनमा करिव ७ हजार ५ सय फुल  सिलिण्डर ग्यास उपभोक्ताका लागि पठाएको जानकारी दिए । उनले शुक्रबार मात्र करिव ३ हजार फुल सिलिन्डर ग्यास वितरण गरिएको बताउँदै भने शनिवार कम्पनी बन्द रहेको थियो भने आइतबार पुनः ग्यास वितरण कार्य जारी रहने छ ।

ग्यास बिक्रेताहरू पनि बजारमा भनेजस्तो ग्यासको अभाव नरहेको वताउँछन् । बुटवल भैरहवालगायत ग्रामिण क्षेत्रका बजारमा समेत डिलरहरूमार्फत ग्यास वितरण भएको म्यानेजर नेपालले वताए ।

रूपन्देहीमा सिद्वार्थ ग्यासको अलावा त्रिशूल, पञ्चबुद्व, स्वस्तिकलगायत कम्पनिका गरि शुक्रबार मात्र करिव ८ हजारभन्दा बढि ग्यास सिलिण्डर  ग्यास उद्योगले  आफ्ना ग्यास डिलर मार्फत बजारमा पठाएको एक ग्यास व्यवसायीले जानकारी  दिए ।  जसका कारण रूपन्देहीका बजारमा ग्यासको आपुर्ति सहज बन्दै गएको छ । उता प्रशासन र स्थानिय निकायले पनि बजारमा ग्यासको समस्या भएको भन्दै आपूर्ति सहज गराउन भन्दै केही दिनदेखि अनुगमन कार्यलाई जारी राखेको छ ।

विद्युत् व्यापार विभाग-आइपिपी सम्झौता

## प्राधिकरणलाई नयाँ सहमतिले अर्ब बढी दायित्वको जोखिम

■ प्रभाव संवाददाता

**काठमाडौं–** विद्युत् व्यापार विभाग र स्वतन्त्र ऊर्जा उत्पादकहरू (आइपिपी)बीच भएको सहमति कार्यान्वयन गर्दा नेपाल विद्युत् प्राधिकरणलाई एक अर्ब रूपैयाँभन्दा बढी आर्थिक दायित्व सिर्जना हुने जोखिम देखिएको छ ।

प्रसारण लाइन तथा सम्बन्धित सबस्टेसन पूर्णरूपमा निर्माण सम्पन्न नभइसकेको अवस्थामा विद्युत् व्यापार विभागले आइपीपीसँगको पूर्वसहमति तथा प्रतिबद्धताअनुसार प्रसारण संरचना निर्माण सम्पन्न भएको मान्दै वैकल्पिक विद्युत् प्रवाह व्यवस्था अन्त्य गर्ने प्रक्रिया अघि बढाएपछि प्राधिकरणमाथि ठूलो आर्थिक दायित्व सिर्जना हुने जोखिम देखिएको हो । विभागले आइपीपीको प्रतिबद्धता र यसअघि भएका सहमतिअनुसार प्रसारण लाइन निर्माण सम्पन्न नभई सम्झौता अघि बढाएको र उक्त निर्णय प्राधिकरणले कार्यान्वयनमा ल्याएपछि संस्थामाथि थप आर्थिक दायित्व पर्ने अवस्था सिर्जना भएको छ ।

गत असार २६ गते विद्युत् व्यापार विभाग र आइपीपीबीच भएको सहमतिका आधारमा विभागले प्राधिकरणलाई कार्यान्वयनका लागि अनुरोध गरेको थियो । विभागको अनुरोधपछि कामु कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले उक्त निर्णय कार्यान्वयन गर्न प्रणाली सञ्चालन विभागलाई तोक आदेश दिएका थिए ।

उक्त समयमा मार्किचोक-भरतपुर खण्डको २२० केभी प्रसारण लाइनको एउटा सर्किट मात्र निर्माण सम्पन्न भई सञ्चालनमा आएको थियो । मार्किचोक-उदीपुर खण्डको प्रसारण लाइन तथा सम्बन्धित सबस्टेसन निर्माणसमेत पूर्णरूपमा सम्पन्न नभएको अवस्थामा वैकल्पिक व्यवस्था अन्त्य गर्ने निर्णय गरिएको भन्दै प्राधिकरणभित्र प्रश्न उठेको छ ।

विद्युत् व्यापार विभागका निर्देशक थर्कबहादुर थापाले भने मार्किचोकदेखि भरतपुरसम्म ऊर्जा प्रवाह भइरहेको र उक्त लाइनबाट करिब ९० प्रतिशत ऊर्जा प्रवाह भइरहेको बताए । 'सो लाइनबाट ९० प्रतिशत ऊर्जा प्रवाह भइरहेको छ । २२० केभी लाइन सञ्चालन गर्दा समस्या छैन,' उनले भने ।

प्राधिकरणले मर्स्याङ्दी, दोर्दी तथा त्रिशुली कोरिडोरका आयोजनाबाट उत्पादित विद्युत् प्रसारण संरचना अभावका कारण पूर्णरूपमा प्रवाह गर्न नसक्ने अवस्था आएपछि यसअघि 'कन्टिन्जेन्सी प्लान'अन्तर्गत वैकल्पिक व्यवस्थामार्फत विद्युत् खरिद गर्दै आएको थियो । उक्त व्यवस्थामा दुवै पक्षलाई क्षतिपूर्ति नलाग्ने गरी सम्भव भएसम्म उत्पादित विद्युत् प्रवाह गर्ने व्यवस्था गरिएको थियो ।

विद्युत् खरिद-बिक्री सम्झौताअनुसार प्रसारण संरचना उपलब्ध नभएमा प्राधिकरणले क्षतिपूर्ति व्यहोर्नुपर्ने अवस्था रहे पनि वैकल्पिक व्यवस्थाका कारण त्यस्तो दायित्वबाट प्राधिकरण जोगिँदै आएको थियो । तर उक्त व्यवस्था अन्त्य गरी सम्झौताबमोजिम पूर्ण क्षमतामा विद्युत् प्रवाह गर्न नसकिएको अवस्थामा 'टेक अर पे' तथा क्षतिपूर्तिको दायित्व सिर्जना हुन्छ ।

प्राधिकरणका अनुसार मर्स्याङ्दी, दोर्दी तथा त्रिशुली कोरिडोरमा हाल सुपर दोर्दी ५४ मेगावाट, न्यादी ३० मेगावाट, दोर्दी खोला २७ मेगावाट, अपर दोर्दी 'ए' २५ मेगावाट, दोर्दी खोला-१ १२ मेगावाट, सुपर चेपे ९.०५ मेगावाट, चेपे खोला ८.६२ मेगावाट, हिदी खोला ६.८२ मेगावाट र सान्जेन खोला ७८ मेगावाटका आयोजना सञ्चालनमा छन् ।

प्रसारण संरचना निर्माण सम्पन्न नभएको अवस्थामा वैकल्पिक व्यवस्था अन्त्य गरिएमा वर्षायाममा मात्र पनि प्राधिकरणमाथि मासिक करोडौं रूपैयाँ बराबरको क्षतिपूर्ति दायित्व सिर्जना हुन्छ । आयोजनाबाट हुने विद्युत् पूर्ण क्षमतामा प्रवाह हुन नसक्दा सम्झौताका प्रावधानका आधारमा प्राधिकरणको कुल सम्भावित दायित्व रु एक अर्बभन्दा बढी पुग्न सक्छ ।

यसअघि प्राधिकरण र आइपीपीबीच भएका सहमतिमा मार्किचोक-भरतपुर खण्डको प्रसारण लाइन निर्माण सम्पन्न भएपछि मात्र सम्बन्धित आयोजनाको वैकल्पिक व्यवस्था अन्त्य गर्ने तथा उदीपुर-मार्कीचोक खण्डको प्रसारण संरचना निर्माणको कामसमेत तीन महिनाभित्र सम्पन्न गर्ने प्रतिबद्धता गरिएको थियो । तर निर्धारित अवधिभित्र मार्किचोक-भरतपुर खण्डको डबल सर्किट प्रसारण लाइन एकतर्फीमात्र निर्माण भएको र उदीपुर-मार्कीचोक खण्डको प्रशारण संरचना निर्माण नै नभएको अवस्थामा वैकल्पिक व्यवस्था अन्त्य गरिएको भन्दै प्रश्न उठेको हो ।

प्रणाली सञ्चालन विभागका निर्देशक चन्दन घोषले उदीपुरदेखि मार्किचोकसम्म प्रसारण लाइन निर्माण सम्पन्न नभएको तर मार्किचोकदेखि भरतपुरसम्मको सिंगल सर्किट प्रसारण लाइन सञ्चालनमा आएको बताए । 'उदयपुरदेखि मार्किचोकसम्म प्रसारण लाइन बनेको छैन, तर मार्किचोकदेखि भरतपुरसम्म बनेको छ । सिंगल सर्किट मात्र बनेको छ,' उनले भने ।

कामु कार्यकारी निर्देशक श्रेष्ठले उदयपुरदेखि मार्किचोकसम्मको प्रसारण लाइनमा समस्या रहे पनि मार्किचोकदेखि भरतपुरसम्मको प्रसारण लाइन सञ्चालनमा आइसकेको बताए । उनका अनुसार  पछिल्लो पटक आइपीपी र विद्युत् व्यापार विभागबीच भएको सहमतिअनुसार प्राधिकरणले थप क्षतिपूर्ति तिर्नुपर्ने अवस्था छैन ।

यसअघि यस्तै अवस्थामा तत्कालीन विद्युत् व्यापार विभागका निर्देशक राजन ढकाल र कार्यकारी निर्देशक कुलमान घिसिङले प्रसारण लाइनको क्षमताले विद्युत् प्रवाह धान्न सक्ने वा नसक्ने विषयमा 'ग्रिड इम्प्याक्ट स्टडी' गराएर प्रतिवेदनले तोकेका शर्तका आधारमा मात्र विद्युत् प्रवाह गराउन एलडिसीलाई निर्देशन दिएको थियो ।

हाल भने प्रसारण संरचना पूर्णरूपमा निर्माण सम्पन्न नभएको र 'ग्रिड इम्प्याक्ट स्टडी' समेत नगरिएको अवस्थामा वैकल्पिक व्यवस्था अन्त्य गरिएको भन्दै प्राधिकरणका प्राविधिकले असहमति जनाएका थिए ।

विद्युत् प्रणाली सञ्चालन विभाग (एलडिसी) ले समेत दोर्दी तथा मर्स्याङ्दी करिडोरका कुन-कुन आयोजनाको वैकल्पिक व्यवस्था कहिलेदेखि अन्त्य हुने र 'टेक अर पे' प्रावधान कहिलेदेखि लागू हुने हो भनी विद्युत् व्यापार विभागसँग जानकारी मागेको थियो । विभागले विद्युत् खरिद-बिक्री सम्झौता संशोधन भएपछि मात्र 'टेक अर पे' प्रावधान लागू हुने जवाफ दिएको थियो ।

तर त्यसपछि विभागले आइपीपीसँग कार्यकारी निर्देशकसहित बैठक गरी वैकल्पिक व्यवस्था अन्त्य गरिएकाले सोको कार्यान्वयन हुनुपर्ने बताएको थियो । बैठकमा एलडिसीका प्रतिनिधिले प्रसारण लाइन पूर्णरूपमा निर्माण नभएको, एउटा मात्र सर्किट सञ्चालनमा आएको तथा मार्किचोक-उदीपुर खण्डमा प्रसारण लाइन र सबस्टेसन निर्माण बाँकी रहेकाले वैकल्पिक व्यवस्था तत्काल अन्त्य गर्न नसकिने धारणा राखेका थिए ।

विभाग र आइपीपीबीच भएको सहमतिलाई प्राधिकरणको हित, प्राविधिक अवस्था र विद्यमान विद्युत् खरिद-बिक्री सम्झौतासँग मिलान गरेर मात्र कार्यान्वयन गर्नुपर्ने आवाज प्राधिकरणभित्र उठेको छ । प्रसारण संरचना निर्माण सम्पन्न नभई वैकल्पिक व्यवस्था अन्त्य गर्दा प्राधिकरणले विद्युत् प्रवाह गर्न नसके पनि सम्झौताबमोजिम भुक्तानी वा क्षतिपूर्ति गर्नुपर्ने अवस्था आउनसक्ने भएकाले निर्णयको आर्थिक प्रभावबारे पुनरावलोकन आवश्यक रहेको कर्मचारीहरूको भनाइ छ ।

यस विषयमा विद्युत् व्यापार विभाग र कामु कार्यकारी निर्देशकबाट भएको निर्णयका कारण प्राधिकरणलाई ठूलो आर्थिक दायित्व पर्नसक्ने देखिए पनि त्यसको यकिन रकम सम्बन्धित आयोजनाको विद्युत् खरिद-बिक्री सम्झौता, वास्तविक विद्युत् प्रवाह, प्रसारण संरचनाको क्षमता र वैकल्पिक व्यवस्था अन्त्य भएको मितिका आधारमा निर्धारण हुन्छ ।

## रासायनिक मल वितरण गरिँदै

**जनकपुरधाम (प्रस)–** कृषि सामग्री कम्पनी लिमिटेड, धनुषाले दोस्रो चरणमा नियमित कोटाको रासायनिक मल वितरण सुरु गरेको छ । धनुषा र महोत्तरीमा धान रोपाइँ अन्तिम चरणमा पुगेका बेला सो कार्यालयले नियमित कोटाको डिएपी र युरिया मलको वितरण सुरु गरेको हो ।

मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको यही साउन ११ गते निर्णयअनुसार धनुषाका लागि ९७९ मेट्रिक टन डिएपी र ९२६ मेट्रिक टन युरिया तथा महोत्तरीका लागि ९३१ मेट्रिक टन डिएपी र ८८० मेट्रिक टन युरिया वितरण सुरु गरिएको कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामका सूचना अधिकारी बेचन साहले जानकारी दिए । साहका अनुसार कृषि सामग्री कम्पनी लिमिटेडको वीरगञ्जस्थित प्रादेशिक कार्यालयबाट मल ढुवानी भएसँगै जिल्लामा स्थानीय तहहरूको सिफारिसअनुसार मलको वितरण सुरु गरिएको हो ।

## ४८ करोड राजस्व संकलन

■ प्रभाव संवाददाता

**जुम्ला–** आन्तरिक राजस्व कार्यालय जुम्लाले गत आर्थिक वर्ष २०८२/८३ मा रु ४८ करोड एक लाख २२ हजार राजस्व संकलन गरेको छ ।

कार्यालयले उक्त आवमा रु ६४ करोड ४८ लाख ७४ हजार राजस्व संकलन गर्ने लक्ष्य लिएकामा लक्ष्यको ७४ दशमलव ४५ प्रतिशत प्रगति हासिल गरेको आन्तरिक राजस्व कार्यालय जुम्लाका प्रमुख कर अधिकृत प्रभात घिमिरेले जानकारी दिए ।

राजस्व संकलनका विभिन्न शीर्षकमध्ये आयकरतर्फ रु ३५ करोड ८१ लाख ५२ हजार, मूल्य अभिवृद्धि कर (मु.अ.कर) तर्फ रु नौ करोड ८८ लाख नौ हजार, अन्तःशुल्कतर्फ रु ८८ लाख ५८ हजार र अन्यतर्फ रु एक करोड ४३ लाख तीन हजार राजस्व संकलन भएको प्रमुख कर अधिकृत घिमिरेले बताए ।

करदाता शिक्षालाई थप प्रभावकारी बनाउन निर्माण व्यवसायीलगायत ठूला तथा साना व्यवसायीलाई प्राथमिकता दिई करदाता सेवासम्बन्धी कार्य सञ्चालन हुँदै आएको उनले बताए । कर कानुनबमोजिम लक्षित राजस्व संकलन गर्ने, कर परीक्षण तथा अनुसन्धान गरी कर कानुनको परिपालना गराउने तथा अन्तःशुल्कसम्बन्धी कार्यसमेत सञ्चालन भइरहेको उनको भनाइ छ ।

कार्यालयले गत आवको वैशाखदेखि असारसम्म ७४ पटक बजार अनुगमन गरेको जनाएको छ । यस अवधिमा सातवटा अग्रिम करकट्टी परीक्षण, एकवटा पूर्ण कर परीक्षण, २० वटा द्रुत कर परीक्षण, १९ वटा संकलन भ्रमण र पाँच पटक करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको कार्यालयले जनाएको छ ।

चालु आवमा आयकर संकलन अघिल्लो आवको तुलनामा केही वृद्धि भए पनि मूल्य अभिवृद्धि कर संकलनमा भने कमी आएको कार्यालयले जनाएको छ । व्यापार-व्यवसायमा आएको मन्दी तथा विकास निर्माणका कार्य गर्ने सरकारी निकायमा भएको कम पुँजीगत खर्चलगायत कारणले मुअकर संकलनमा कमी आएको कार्यालयको भनाइ छ ।

कार्यालयका अनुसार हालसम्म मुअ करतर्फ एक हजार ७५०, आयकरतर्फ १७ हजार ८४ र अन्तःशुल्कतर्फ ५६५ करदाता दर्ता भएका छन् ।

## काँकरभिट्टा नाकाबाट व्यापार घाटा ४० प्रतिशतले बढ्यो

■ प्रभाव संवाददाता

**भद्रपुर (झापा)–** पूर्वी नाका काँकरभिट्टाबाट हुने वैदेशिक व्यापारमा आयातसँगै व्यापार घाटा पनि बढेको छ । मेची भन्सार कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ को तुलनामा आर्थिक वर्ष २०८२/८३ मा व्यापार घाटा ४० दशमलव ८५ प्रतिशतले बढेर रु ३६ अर्ब ३८ करोड नाघेको हो ।

आव २०८१/८२ को असारसम्म काँकरभिट्टा नाका भएर रु २५ अर्ब ८३ करोड १० लाख ६४ हजार बराबरको व्यापार घाटा रहेकामा आव २०८२/८३ को सोही अवधिमा रु १० अर्ब ५५ करोड १९ लाख ७८ हजारले वृद्धि भई रु ३६ अर्ब ३८ करोड ३० लाख ४२ हजार पुगेको छ ।

समीक्षा अवधिमा यस नाकाबाट हुने आयात (पैठारी) २२ दशमलव ७१ प्रतिशतले बढेको छ । आव २०८१/८२ मा रु ५१ अर्ब आठ करोड ६५ लाख आठ हजार बराबरको सामान आयात भएकोमा गत आव २०८२/८३ मा रु ११ अर्ब ६० करोड नौ लाख १८ हजारले बढेर रु ६२ अर्ब ६८ करोड ७४ लाख २६ हजार पुगेको छ ।

सोही अवधिमा निर्यात (निकासी) तर्फ चार दशमलव १५ प्रतिशतको वृद्धि दर्ता भएको छ । आव २०८१/८२ को असारसम्म रु २५ अर्ब २५ करोड ५४ लाख ४४ हजारको वस्तु निर्यात भएकामा आव २०८२/०८३ मा रु एक अर्ब चार करोड ८९ लाख ३९ हजारले बढेर रु २६ अर्ब ३० करोड ४३ लाख ८३ हजार पुगेको छ ।

आयात र निर्यात दुवैमा वृद्धि भएसँगै कूल वैदेशिक व्यापार १६ दशमलव ५७ प्रतिशतले बढेर रु ८८ अर्ब ९९ करोड १८ लाख १० हजार पुगेको छ । अघिल्लो आवको सोही अवधिमा कूल वैदेशिक व्यापार रु ७६ अर्ब ३४ करोड १९ लाख ५३ हजार रहेको थियो ।

पूर्वी नाकाबाट हुने कूल व्यापारमा आयातको वर्चस्व झन् बढेको छ । आयात-निर्यात अनुपातको हिसाब गर्दा आव २०८१/८२ मा रु एकको निर्यात गर्दा रु दुई दशमलव शून्य दुईको आयात हुने गरेकामा गत आवमा अनुपात बढेर रु दुई दशमलव ३८ पुगेको छ ।

कूल व्यापारमा निर्यातको हिस्सा ३३ दशमलव शून्य आठ प्रतिशतबाट घटेर २९ दशमलव ५६ प्रतिशतमा सीमित भएको छ भने आयातको हिस्सा ६६ दशमलव ९२ प्रतिशतबाट बढेर ७० दशमलव ४४ प्रतिशत पुगेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ